सामुदायिक बीउ बैंक

स्थापना, सञ्चालन तथा सुदृढिकरण विधि एवं प्रक्रिया

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

श्रीमहल, ललितपुर

सामुदायिक बीउ बैंक

स्थापना, सञ्चालन तथा सुदृढिकरण विधि एवं प्रक्रिया

२०७९

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

श्रीमहल, ललितपुर

उद्दरण: निरन्जन पुडासैनी, बिष्णु ढकाल, बलराम रिजाल र सन्तोष श्रेष्ठ। २०७९। *सामुदायिक बीउ बैंक स्थापना, सञ्चालन तथा सुदृढिकरण विधि एवं प्रकृया।* जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), पोखरा, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर।

प्रकाशक : बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर, नेपाल

सर्वाधिकार : प्रकाशकमा

संस्करण : प्रथम २०७९

छापिएको प्रति : ३०० प्रति

लेखक : निरन्जन पुडासैनी, बिष्णु ढकाल, बलराम रिजाल र सन्तोष श्रेष्ठ

समिक्षा/सम्पादन : डा. रामकृष्ण श्रेष्ठ र पीताम्बर श्रेष्ठ

मुद्रण : हिसी प्रेस, ५५५१४४४

दुई शब्द

कृषि जैविक विविधता खाद्य तथा पोषण सुरक्षा र गरिब तथा सिमान्तकृत समुदायको जीविकोपार्जनको प्रमुख आधार हो । नेपाल जैविक विविधतामा धनी भएतापनि पछिल्लो समय जलवायु परिवर्तन तथा आधुनिक खेती प्रणालीका कतिपय नकारात्मक प्रभावका कारण समग्र जैविक विविधताको अलावा कृषि जैविक विविधताको ह्रासलाई तिव्र बनाएको छ । नेपालमा करिव ५० प्रतिशत कृषि आनुवंशिक स्रोतहरु लोप भै सकेको हुन सक्ने अनुमान गरिन्छ । नेपालको संविधानमा जैविक स्रोतहरुको संरक्षण र दिगो उपयोगलाई उच्च महत्व दिई राज्यको नीतिमा उल्लेख गरिएको छ भने जैविक विविधता संरक्षणमा तिनै तहको सरकारको भूमिका रहने उल्लेख छ । यसैगरि नेपाल जैविक विविधता संरक्षण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र समेत रहेको छ ।

कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगमा स्थानीय समुदायको महत्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय स्तरमा आर्थिक महत्वका रैथाने जातका बीउबिजनहरूको संरक्षण, बीउ उत्पादन तथा वितरण गर्दै अनौपचरिक बीउ प्रणालीको निरन्तर प्रवर्द्धनका लागि सामुदायिक बीउ बैंक एक प्रभावकारी सामुदायिक संरचना हो । साथै कृषक समुदायलाई आवश्यक पर्ने विभिन्न बालीका उन्नत बीउबिजनहरु स्थानीय स्तरमा नै उत्पादन गरि सर्वसुलभ रुपले उपलब्ध गराउन, लोपोन्मुख अवस्थामा पुगेका रैथाने बालीनाली, धर्म संस्कृतिसँग जोडिएका बालीहरु लगायत त्यससँग सम्बन्धित ज्ञान तथा शिपहरुको अभिलेखीकरण, संरक्षण र प्रवर्द्धन एवं विभिन्न बीउ तथा स्थानीय उत्पादनको बजारीकरण मार्फत स्थानीय कृषकहरुको जीविकोपार्जन सुधारका लागि पनि सामुदायिक बीउ बैंकको महत्वपूर्ण भूमिका हुन सक्दछ । त्यसैगरि सामुदायिक बीउ बैंकले स्थानीय स्तरमा कृषि आनुवंशिक स्रोतको संरक्षक संस्थाको भूमिका निर्वाह गर्दै कृषकहरुको हक अधिकार सुनिश्चित गर्न बहस पैरवीका साथै कृषकहरुको क्षमता विकासमा समेत उलेख्य भूमिका खेल्न सक्दछ ।

सामुदायिक बीउ बैंक प्रवर्द्धन कार्यमा सरकारी निकाय तथा गैर सरकारी संघ-संस्थाहरू लामो समय देखि संलग्न रहेका भएतापनि सामुदायिक बीउ बैंकको अवधारणा एवं यसको कार्यक्षेत्र र कार्य प्रकृतिका कतिपय पक्षहरुमा समान बुझाई रहेको पाइँदैन । नेपालमा स्थापना भएका तथा भविष्यमा स्थापना हुने सामुदायिक बीउ बैंकहरुका बीच आधारभूत कुराहरूमा एकरुपता ल्याई सामुदायिक बीउ बैंकको मूल उद्देश्य र मर्म बमोजिमका गतिविधिहरु सञ्चालन मार्फत रैथाने जातको संरक्षण र दिगो

उपयोग सुनिश्चित गर्ने दिशामा अघि बढ्नु आवश्यक देखिएको छ। यस सन्दर्भमा सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनको सामान्य विधि एवं प्रक्रियाबारे यसको प्रवर्द्धनमा संलग्न संस्था एवं निकायहरु र तिनमा कार्यरत प्राविधिक एवं सामाजिक कार्यकर्ताहरु तथा सामुदायिक बीउ बैंकको स्थापना र सञ्चालन गर्न इच्छुक स्थानीय कृषक समुदायहरु जानकार हुनु अति आवश्यक छ । यसै आवश्यकतालाई बोध गरि विभिन्न सामुदायिक बीउ बैंकहरुको सञ्चालन सम्बन्धी अनुभवको विश्लेषण तथा सामुदायिक बीउ बैंक प्रवर्द्धनमा अग्रणी भूमिका खेलेका सरकारी तथा गैरसरकारी संघ-संस्थाका सिकाईहरुलाई समेटेर यो **सामुदायिक बीउ बैंक स्थापना, सञ्चालन तथा सुदृढिकरण विधि एवं प्रक्रिया** पुस्तिका तयार पारिएको हो। यो पुस्तिका सामुदायिक बीउ बैंक स्थापना, सञ्चालन, सुदृढिकरण तथा प्रवर्द्धन गर्न चाहने सरकारी निकायहरु, गैरसरकारी संघ-संस्था, कृषक समूह/ सहकारीहरु, स्थानीय समुदाय लगायतका सरोकारवालाहरूलाई उपयोगी हुने अपेक्षा गरिएको छ । साथै सामुदायिक बीउ बैंकका बारे जानकारी राख्न चाहने विकासकर्मी, विद्यार्थी एवं नीति निर्माताहरुका लागि पनि यो पुस्तिका जनाकारीमूलक दस्तावेज हुने बिश्वास गरिएको छ ।

अन्तमा, यस पुस्तकको लागि लेखन तथा सम्पादनमा प्राविधिक सहकार्य लागि जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), लेखकहरु; निरन्जन पुडासैनी, विष्णु ढकाल, बलराम रिजाल र सन्तोष श्रेष्ठ, गोष्ठी मार्फत पुस्तकमा महत्वपूर्ण सुझावको लागि राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जिन बैंक) का प्रमुख डा. बालकृष्ण जोशी र सामुदायिक बीउ बैंक संघ नेपाल, सम्पादनमा विशेष भूमिका निर्वाह गर्नुहुने पीताम्बर श्रेष्ठ र पुस्तक प्रकाशनको कार्यमा संलग्न यस केन्द्रका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै पुस्तकलाई थप परिस्कृत एवं उपयोगी बनाउन सम्बद्ध सवैको रचनात्मक सल्लाह र सुझावको अपेक्षा राखेको छु ।

- डा. रामकृष्ण श्रेष्ठ

प्रमुख

विषय सूची

१. परिचय

१.१ पृष्ठभूमि तथा विकास क्रम १

१.२ नेपालमा सामुदायिक बीउ बैंकको महत्व २

१.३ सामुदायिक बीउ बैंकका मुख्य उद्देश्यहरू २

१.४ सामुदायिक बीउ बैंकका प्रकारहरु ३

२. सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन प्रक्रिया

२.१ सामुदायिक बीउ बैंक स्थापना गर्नका लागि उपयुक्त पालिका तथा समुदायको छनोट ५

२.२ सरोकारवाला निकायहरूबिच छलफल तथा सहमती ५

२.३ कृषि सहकारी संस्था चयन वा गठन ६

२.४ संस्थागत क्षमता विकास ६

२.५ रैथाने बाली तथा जात पहिचान, अभिलेखिकरण ६

२.६ स्रोत बीउ संकलन तथा भण्डारण ७

२.७ विस्तृत कार्य योजना निर्माण तथा कार्यान्वयन ७

२.८ गुणस्तरीय बीउ उत्पादन तथा व्यवस्थापनका लागि क्षमता विकास ७

२.९ सहकार्य तथा साझेदारी ८

२.१० दिगोपनाका लागि आन्तरिक श्रोत विकास तथा व्यवस्थापन ८

३. सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनका लागि पुरा गर्नुपर्ने आधारभूत मापदण्डहरु

३.१ बीउ बैंक स्थापना तथा सञ्चालनका लागि आवश्यक न्यूनतम पूर्वाधारहरु १०

३.२ सामुदायिक बीउ बैंकले सञ्चालन गर्नु पर्ने मुख्य क्रियाकलाप तथा प्रक्रिया १३

३.३ सामुदायिक बीउ बैंकले सञ्चालन गर्न सक्ने सहयोगी क्रियाकलापहरु १६

३.४ सामुदायिक बीउ बैंक मार्फत सञ्चालन गर्न नहुने कार्यहरु १८

४. दिगो सामुदायिक बीउ बैंक सञ्चालनका आधारहरु

४.१ संस्थागत सुशासन तथा क्षमता विकास १९

४.२ उपलब्ध स्रोतहरुको समुचित परिचालन २०

४.३ बीउ तथा स्थानीय कृषि उपजहरुको व्यवसायिक उत्पादन तथा बजारीकरण २०

४.४ सम्बन्ध विस्तार, समन्वय तथा सहकार्य २१

५. सामुदायिक बीउ बैंक सुदृढिकरण प्रक्रिया

५.१ अवस्था विश्लेषण तथा सुदृढिकरणका उपायहरु २२

५.२ सामुदायिक बीउ बैंक सुदृढिकरणमा संलग्न गर्न सकिने थप क्षेत्र तथा विषयहरु २४

६. सामुदायिक बीउ बैंकको सफलताका सूचकहरु २५

७. सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनका लागि नीतिगत व्यवस्था र विभिन्न निकायको भूमिका

७.१ राष्ट्रिय स्तरमा हालसम्म भएका नीतिगत व्यवस्थाहरु २६

७.२ संघीय निकाय तथा भूमिका २७

७.३ प्रादेशिक संरचना तथा भूमिका २७

७.४ स्थानीय तहको संरचना तथा भूमिका २७

८. मुख्य चुनौती तथा समाधानका उपायहरु

८.१ सामुदायिक बीउ बैंक स्वायत्त संस्थाको रुपमा दर्ता हुने वैधानिक प्रावधान नहुनु २८

८.२ सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनमा एकरुपताको कमी २८

८.३ स्थानीय स्तरमा सामुदायिक बीउ बैंक सम्बन्धी जानकारी तथा प्रविधिगत क्षमता नहुनु २८

८.४ सामुदायिक बीउ बैंकहरुमा संरक्षणको पाटो कमजोर हुँदै गएको २९

८.५ नेतृत्व हस्तान्तरणमा समस्या २९

सन्दर्भ सामग्रीहरू ३०

अनुसूचीहरु

अनुसूची १ : सामुदायिक कृषि जैविक विविधता अभिलेख (Community Agrobiodiversity Register: CAR) को ढाँचा ३१

अनुसूची २ : बाली तथा जातहरुको अवस्था बिश्लेषणका लागि गरिने संशोधित चार वर्ग विश्लेषण (Four Cell Analysis) को ढांचा ३१

अनुसूची ५ : सामुदायिक बीउ बैंकमा बीउ संरक्षण र प्रवर्द्धन गर्न लागि संकलन गनुपर्ने बीउका न्युनतम परिमाणहरु ३५

अनुसूची ६ : बीउ राख्ने बट्टा/भाँडोहरुमा लगाउन पर्ने संकेत पत्र/ट्याग ३५

अनुसूची ३ : पासपोर्ट डाटा नमुना फारम ३२

अनुसूची ४ : राष्ट्रिय जीन बैंकमा बीउ संरक्षणका लागि पठाउन आवश्यक पर्ने न्युनतम बीउका परिमाणहरु ३३

अनुसूची ७ : स्थानीय तथा उन्नत बीउहरुको उत्पादन योजनाको नमुना ढाँचा ३५

अनुसूची ८ : सामुदायिक बीउ बैंक सञ्चालनका लागि आवश्यक न्युनतम भौतिक स्रोत सामग्रीहरु ३७

अनुसूची ९ : व्यावसायिक रुपमा सामुदायिक बीउ बैंक सञ्चालनका लागि आवश्यक भौतिक स्रोत तथा सामग्रीहरु ... ३८

अनुसूची १० : बीउ बिक्रीका लागि प्याकिंग गर्ने बोरामा छाप्ने तथा बोरा भित्र राख्नु पर्ने संकेत पत्र (ट्याग) को नमुना.... ४०

अनुसूची ११ : अवस्था विश्लेषण तालिका (SWOT Analysis) ४१

अनुसूची १२ : समस्या स्तरीकरण नमुना तालिका ४१

अनुसूची १३ : सामुदायिक बीउ बैंक सुदृढिकरणको नमुना योजनाको ढाँचा ४२

१. परिचय

१.१ पृष्ठभूमि तथा विकास क्रम

बीउ कृषि उपज उत्पादनको एउटा आधारभूत सामाग्री तथा वंशाणुगत गुणको संवाहक हो। कृषिको आधुनिक विकाससँगै बढ्दो जनसंख्याका लागि आवश्यक खाद्यान्न आपुर्ति गर्न बढी उत्पादन दिने जात तथा प्रविधि विकास हुदै गए। फलस्वरूप बढी उत्पादन दिनसक्ने सिमित बाली तथा जातहरू मात्र खेती गर्ने प्रचलन बढ्यो। यसरी आधुनिक, कृषि प्रणालीको विकास, खाद्य प्रणालीमा आएको परिवर्तन, परिवर्तित आर्थिक-सामाजिक परिवेश लगायत जलवायु परिवर्तनका कारणले कृषकहरूले सदियौ देखि संरक्षण, सम्बर्द्धन र खेति गर्दै आएका विभिन्न रैथाने बाली तथा जातका बीउहरु क्रमश: लोप हुदै गए। यद्यपी हालसम्म पनि सिमान्तकृत समुदाय तथा सिमान्तकृत कृषकहरुको खाद्य सुरक्षा तथा जीविकोपार्जनको मुख्य आधार रैथाने बाली तथा जातहरुरहेको छ। तसर्थ रैथाने बाली तथा जातहरूको पहिचान, अभिलेखीकरण, निरन्तर संरक्षण तथा उपयोग प्रबर्द्धन गर्नु आवश्यक छ। सामुदायिक बीउ बैंक रैथाने बाली तथा जातहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै कृषकहरुको आवश्यकता बमोजिमका बीउ उत्पादन गरी सहजरूपमा उपलब्ध गराउने पद्धतिको रूपमा विकास भईरहेको छ।

विश्वमा सामुदायिक बीउ बैंकको उत्पत्ति सन् १९८० को दशकमा भएको मानिन्छ। सबैभन्दा पहिले अफ्रिकाको इथियोपिया देशबाट यसको सुरुवात भएको हो। त्यसपछि सन् १९९० को दशकमा जिम्बाब्बे, नेपाल, फिलिपिन्स, बंगलादेश, ब्राजिल र भारतमा सामुदायिक बीउ बैंकको विस्तार भएको हो। विभिन्न मूलुकहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको अगुवाइमा फरक फरक नाम र उद्देश्यका साथ स्थापना गरिए पनि लगभग सबै सामुदायिक बीउ बैंक लोपोन्मुख बाली तथा जातको स्वस्थानीय संरक्षण (In-situ conservation) को अवधारणामा आधारित छ। साधारणतया सामुदायिक बीउ बैंक भन्नाले कृषक समूह/सहकारी/संस्थाले स्थानीय कृषकहरुका लागि आवश्यक पर्ने थरिथरिका गुणस्तरीय बीउबिजनहरु स्थानीय तहमा निरन्तररुपमा उपलब्ध गराउने व्यवस्थालाई सामुदायिक बीउ बैंक भानिन्छ र यसमा मूलत: स्थानीय जातका बीउहरूको नियमित उत्पादन, संरक्षण तथा वितरणमा विशेष जोड दिइन्छ (श्रेष्ठ पीताम्बर, २०७५)।

नेपालमा यु.एस.सी. क्यानडाको पहलमा वि.स. २०५१ सालमा ललितपुर जिल्लाको दल्चोकीमा पहिलो सामुदायिक बीउ बैंकको थालनी भएको हो। तत्पश्चात तत्कालिन अन्तर्राष्ट्रिय वानस्पतिक आनुवंशिक संस्था (हाल वायोभर्सीटी इन्टरनेशनल) को सहयोगमा ली-बर्ड र नेपाल कृषि अनुसन्धान परिषद्द्वारा सञ्चालित इन्सिटु कार्यक्रमको पहलमा बारा जिल्लाको कचोर्वामा सामुदायिक बीउ बैंक स्थापना भएको हो। हाल ली-बर्ड अक्सफाम नेपाल एक्सन एड नेपाल आर.आर.एन. जस्ता गैरसरकारी संस्थाहरु सामुदायिक बीउ बैंकको विस्तारमा संलग्न छन्। वि.सं. २०६६ मा तत्कालिन कृषि विकास निर्देशनालयको अगुवाइमा "सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन निर्देशिका" जारी भए पश्चाता डडेल्धुरा, सिन्धुपाल्चोक र ओखलढुंगा जिल्लामा त्यहाँका जिल्ला कृषि विकास कार्यालयहरु निर्देशिका बमोजिम सामुदायिक बीउ बैंक स्थापना कार्यमा संलग्न भए। यो निर्देशिका अनुसार १७ जिल्लाहरुमा सामुदायिक बीउ बैंक स्थापना गर्ने उल्लेख गरिएको भएता पनि केही जिल्लाहरूमा स्थापना भएपछि यो कार्यक्रम स्थगित भयो। तर सरकारी तथा गैरसरकारी संस्थाहरुले स्थापना गर्न सहयोग गरेका सम्पूर्ण सामुदायिक बीउ बैंकहरु निरन्तर रुपमा सञ्चालन हुन भने सकेका छैनन्। हाल नेपालका विभिन्न जिल्लाहरुमा करिब ४० सामुदायिक बीउ बैंकहरु सक्रिय रुपमा सञ्चालित छन् जस मध्येमा करिब १० वटा सामुदायिक बीउ बैंकहरु आत्मनिर्भर रुपमा सञ्चालन हुन सक्ने अवस्थामा पुग्न सफल भएका छन्।

१.२ नेपालमा सामुदायिक बीउ बैंकको महत्व

नेपाल भौगोलिक तथा सुक्ष्म जलवायु विविधताले भरिपुर्ण देश हो। यहाँका खेति योग्य जमिनहरु विविध प्रकारका छन् र जसका लागि सुहाउँदा प्रकृतिका गुणहरु (सुख्खा सहने, टारी खेतमा हुने, घोल जमिनमा हुने, सेपिलो जमिनमा हुने, रोगकिरा सहने, थोरै मलजल गरे हुने, इत्यादि) भएका थरिथरिका बालीनाली तथा तीनका बिशेष जातहरुको आवश्यकता पर्दछ। यसका अलावा, स्थानीय कृषकहरुका धर्मसंस्कृति तथा रुची अनुसारका स्वाद तथा चारित्रिक गुण भएका विभिन्न रैथाने बाली तथा जातहरु कृषकहरुले पुस्तौं देखि आफ्ना खेतबारीमा संरक्षण एवं उपयोग गर्दै आएका छन्। बहुसंख्यक कृषकहरू निर्वाहमुखी कृषि प्रणालीमा निर्भर छन् र उनीहरुलाई आवश्यक पर्ने सबै प्रकारका बाली तथा जातका बीउबिजनहरु औपचारिक बीउ प्रणालीबाट उपलब्ध हुन सक्ने अवस्था छैन। मुख्य बालीहरु कै हकमा पनि धेरै ग्रामीण तथा साना कृषकहरु औपचारिक बीउ प्रणालीको पहुँच भन्दा धेरै बाहिर छन्। अर्को अर्थमा भन्नु पर्दा, देशको समग्र कृषि प्रणालीको ठुलो हिस्सा रैथाने एवं स्थानीय बालीनाली तथा तिनका जातहरुमा नै निर्भर रहेको अवस्था छ। बीउ प्रणालीको सन्दर्भमा पनि औपचारिक भन्दा अनौपचारिक बीउ प्रणालीले ठुलो हिस्सा (करिब ८०%) ओगटेको छ। तथापी, अनौपचारिक बीउ प्रणालीले अनुसन्धान तथा विकासमा त्यत्ति प्राथमिकता नपाएको अवस्था छ। त्यसैगरी ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाईंसराई, गैरकृषि पेशामा अवसरको सिर्जना, आधुनिक खेतिमा उन्नत तथा हाईब्रिड जातहरुको बढ्दो प्रयोग, खाद्य शैलीमा आएको परिवर्तन लगायत आम उपभोक्तामा चेतनाका कमीका कारण धेरै स्थानीय बाली तथा जातहरु हराउने क्रममा छन्। कतिपय जातहरु हराई सकेका छन् भने कतिपय लोपोन्मुख अवस्थामा छन्। विशेष गरि उच्च पहाडी तथा हिमाली क्षेत्रमा खेति हुने रैथाने बालीहरु जस्तै चिनो, कागुनो, लट्टे, उवा, जौ, फापर, सिमि, चिसो सहने धान, कोदो, जुनेलो, तरुल, पिडालु, सखरखण्ड, जस्ता बालीहरुबाट जिविकोपार्जन गर्न नसकि कृषकहरु बैदेशिक रोजगारीमा वा स्वदेशमै अन्य श्रममा लाग्दा जग्गा बाँझो रहने क्रम बढेको छ भने तराई तथा उर्वर जमिन भएका उपत्यकाहरुमा रैथाने भन्दा उन्नत एवं हाईब्रिड जातहरुकै बाहुल्यता छ।

यस्तो अवस्थामा बहुसंख्यक कृषकहरुलाई आवश्यक पर्ने थरिथरिका रैथाने जातका बीउबिजनहरूको संरक्षण, बीउ उत्पादन तथा वितरण गर्दै अनौपचरिक बीउ प्रणालीको निरन्तर प्रबर्द्धनका लागि सामुदायिक बीउ बैंक एक प्रभावकारी पद्धति हो। साथै कृषक समुदायलाई आवश्यक पर्ने विभिन्न बालीका उन्नत बीउबिजनहरु स्थानीय स्तरमा नै उत्पादन गरि सर्वसुलभ रुपले बिक्रीबितरणका लागि पनि सामुदायिक बीउ बैंक प्रभावकारी मानिन्छ। त्यसका साथै, लोपोन्मुख अवस्थामा पुगेका रैथाने बालीनाली, धर्मसंस्कृतिसंग जोडिएका बालीहरु लगायत त्यससंग सम्बन्धित ज्ञान तथा शिपहरुको अभिलेखीकरण, संरक्षण र प्रवर्द्धन मा प्रत्यक्ष भूमिका खेल्दछ। विभिन्न बीउ तथा स्थानीय उत्पादनको बजारीकरण मार्फत स्थानीय कृषकहरुको जीविकोपार्जन सुधारका लागि पनि सामुदायिक बीउ बैंकले सकारात्मक भूमिका खेल्दछ। त्यसै गरि सामुदायिक बीउ बैंकले स्थानीय स्तरमा कृषि आनुवंशिक स्रोतको संरक्षक संस्थाको भूमिका निर्वाहगर्दै कृषकहरुका हकअधिकार सुनिश्चित गर्न बहस पैरवीका साथै कृषकहरुको क्षमता विकासमा समेत उलेख्य भूमिका खेल्न सक्दछ।

१.३ सामुदायिक बीउ बैंकका मुख्य उद्देश्यहरू

सामुदायिक बीउ बैंकको मुख्य उद्देश्य भनेको स्थानीय कृषि जैविक विविधताको दिगो संरक्षण तथा उपयोगिता मार्फत स्थानीय र रैथाने बाली तथा जातहरुको संरक्षण र प्रवर्द्धन गरि सर्वसुलभ बनाउनु, मौलिक बाली र जातको विकासमा टेवा पुर्‍याउनु र

स्थानीय स्तरमा उपयुक्त र गुणस्तरीय बीउ-बिजनहरुको पहुँच वृद्धि मार्फत खाध्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनु हो। यसको प्रकार, लक्ष्य तथा आवश्यकता अनुसार सामुदायिक बीउ बैंकको थप उद्देश्यहरु निम्न बमोजिमका हुन सक्दछन्:

- स्थानीय कृषि जैविक विविधताको पहिचान, अभिलेखीकरण तथा त्यसंग सम्बन्धित ज्ञान तथा शिपहरुको आदान-प्रदान गर्नु,
- स्थानीय कृषि जैविक विविधता र विशेष गरि लोप हुनलागेका स्थानीय तथा रैथाने बालीनाली तथा जातहरुको यथा-स्थानीय संरक्षण गर्नु एवं पर-स्थानीय संरक्षणमा सहयोगी भूमिका निर्वाह गर्नु,
- बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी स्थानीय कृषकहरुलाई आवश्यक पर्ने थरि-थरिका बालीनालीहरुका रैथाने तथा उन्नत जातका बीउबिजनहरुसुलभ रुपले बिक्री वितरण तथा साटा-साटको प्रवन्ध मिलाउनु,
- समुदाय स्तरमा सुरक्षित बीउ भण्डारण सेवा प्रदानगर्नुका साथै प्राकृतिक प्रकोप वा आपतकालिन अवस्थामा बीउहरु उपलब्ध गराउनु,
- बालीका उत्कृष्ट स्थानीय जातहरु पहिचान गरि जात दर्ता मार्फत उक्त जातको वैधानिक बीउ प्रणालीको विकास गर्नु वा गर्न सहयोगी भूमिका खेल्नु,
- सामुदायिक बीउ बैंकमा आवद्द कृषक सदस्यहरुको गुणस्तरीय बीउ उत्पादन, भण्डारण तथा ब्यवास्थापनका लागि उपयोगी प्राविधिक क्षमता वृद्धि गर्दै बीउबिजन तथा स्थानीय कृषि उत्पादनहरुको बजारीकरण मार्फत आय-आर्जनमा टेवा पुऱ्याउनु र
- कृषि जैविक विविधताको संरक्षक संस्थाको भूमिका खेल्दै बीउमा कृषक अधिकारका लागि बहस पैरवी गर्नु तथा आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त लाभांशको बाँडफाँडका लागि समुदाय स्तरमा आधार तयार पार्नु।

१.४ सामुदायिक बीउ बैंकका प्रकारहरु

सामुदायिक बीउ बैंकहरूको बीउ संरक्षण तथा उत्पादन कार्य सञ्चालनको प्रकृती हेरी प्रमुख २ प्रकारमा वर्गीकरण गर्न सकिन्छ;

क) स्थानीय बाली तथा जातहरुका बीउबिजनहरुको अभिलेखीकरण र संरक्षण मात्र गर्ने सामुदायिक बीउ बैंक र

ख) स्थानीय लोपोउन्मुख बाली तथा जातहरुको संरक्षण, रैथाने/स्थानीय जातहरुको बीउ उत्पादनका साथै स्थानीय स्तरमा लोकप्रिय उन्नत जातहरुको पनि बीउ उत्पादन तथा बिक्री वितरण गर्ने सामुदायिक बीउ बैंक।

यस बाहेक, उन्नत बीउहरुको मात्र उत्पादन तथा बिक्री वितरण गर्ने समूह/संस्था/सहकारीलाई पनि कहिले काहीं सामुदायिक बीउ बैंकको वर्गमा राख्ने गरेको पाईन्छ। तर स्थानीय तथा रैथाने बाली र जातहरुको संरक्षणको कार्य नगर्ने त्यस्ता संस्थालाई सामुदायिक बीउ बैंक मान्न सकिंदैन। किनभने, सामुदायिक बीउ बैंकको मुल मर्म भनेको स्थानीय बाली तथा जातहरुको संरक्षण र प्रवर्द्धन गर्नु हो। स्थानीय कृषि जैविक विविधताको संरक्षणको पाटो नसमेटी उन्नत जातका बीउबिजनहरुको मात्र उत्पादन तथा बिक्री वितरण गर्ने संस्थालाई समुदायमा आधारित बीउ उत्पादक समूह/संस्था/सहकारी वा बीउ कम्पनी वा अन्य कुनै नाम दिनु उचित हुन्छ।

सामुदायिक बीउ बैंक सञ्चालनका क्रममा विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरू हुने हुँदा नियमित र भरपर्दो आर्थिक स्रोतको आवश्यकता पर्दछ।जसका लागि हरेक सामुदायिक बीउ बैंकलाई आर्थिक रूपमा सबल र आत्मनिर्भर बनाउनु अति आवश्यक हुन्छ। सामुदायिक बीउ बैंक दिगो रुपमा सञ्चालन हुन सहयोगि संस्थाहरुबाट प्राप्तहुने सहयोगका साथसाथै आफ्नै आम्दानीका स्रोतहरु पनि हुन अति आवश्यक छ। अत: दोस्रो प्रकारको सामुदायिक बीउ बैंकको अवाधरणालाई थोरै परिमार्जित गरि सामुदायिक बीउ बैंक सञ्चालन गर्न सके अझ प्रभावकारी हुनसक्ने देख्न्छ। जस अनुसार स्थानीय तथा उन्नत बीउबिजनहरुका साथै स्थानीय बालीका विभिन्न उत्पादनहरुको संकलन, प्रशोधन तथा बजारीकरण गरि स्थानीय कृषकहरुको आयआर्जन वृद्धिका साथै उक्त बालीहरु खेतिगरिने क्षेत्र विस्तार गर्दै संरक्षणमा समेत टेवा पुऱ्याउन सक्दछन्। व्यवसायबाट भएको मुनाफाको केही प्रतिशत लोपोन्मुख रैथाने बालीहरुको संरक्षण गर्न, सामुदायिक बीउ बैंकको प्रशाशनिक तथा कर्मचारी खर्च जुटाउन तथा लगानी कोषहरु वृद्धि गर्न उपयोग गर्न सक्दछन्। नेपालको सन्दर्भमा दिगो रुपमा सामुदायिक बीउ बैंक सञ्चालनका लागि दोस्रो प्रकारको सामुदायिक बीउ बैंक उपयुक्त देखिन्छ। हाल आत्मनिर्भर हुदै गएका सामुदायिक बीउ बैंकहरु यसै दिशातर्फ अग्रसर हुँदै आएका छन्।

२. सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन प्रक्रिया

सामुदायिक बीउ बैंक स्थापान गर्ने कृषक समूह, सहकारी वा संस्था र सहयोग गर्ने सरकारी वा गैरसरकारी निकाय सबैले कृषि विकास सम्बन्धी सञ्चालन गरिने अन्य क्रियाकलाप र सामुदायिक बीउ बैंक नितान्त फरक हुन् भन्ने कुरा बुझ्नु जरूरी छ। सामुदायिक बीउ बैंक सञ्चालन एउटा सहभागितामूलक पद्दति हो जसलाई कुनै एक वैधानिकता प्राप्त स्थानीय सामुदायिक समूह/संस्था/सहकारीले सञ्चालन गर्न सक्दछन्। यो एउटा अल्पकालिन क्रियाकलाप मात्र नभई दिर्घकालिन सोंच र लगानी सहितको संस्थागत प्रणालीको विकास हो। सामुदायिक बीउ बैंक सञ्चालनका लागि कम्तिमा पनि ३ देखि ५ वर्षको समय आवश्यक पर्दछ भने पूर्ण रुपमा आत्मनिर्भर भई सञ्चालन हुन ५ देखि ८ वर्ष लाग्दछ। सामुदायिक बीउ बैंक स्थापना भन्दा पनि यसको दिगो सञ्चालन प्रमुख पक्ष हो जसका लागि संलग्न सबै सदस्यहरुको निरन्तर लगाव, एक्यबद्धता र धैर्यताको आवश्यकता पर्दछ। समुदायको पूर्ण सहमति र सहभागिता सहित क्रमबद्ध क्षमता विकास, उचित स्रोत साधनको परिचालन र आवश्यक लगानी गरिए मात्र एउटा सफल सामुदायिक बीउ बैंक स्थापना सम्भव छ। सामुदायिक बीउ बैंक स्थापना गर्दा निम्न आधारभूत चरणहरु अपनाउन आवश्यक छ :

२.१ सामुदायिक बीउ बैंक स्थापना गर्नका लागि उपयुक्त पालिका तथा समुदायको छनोट

नेपालको बहुमुल्य रैथाने बाली तथा जातहरूको यथास्थानीय संरक्षण तथा उपयोग प्रबर्द्धनका लागि शहरी क्षेत्र बाहेकका सबै स्थानीय निकायमा एक वा एक भन्दा बढी सामुदायिक बीउ बैंक आवश्यकता पर्दछ। तर प्राथमिकताका आधारमा सामुदायिक बीउ बैंक स्थापना गर्दा स्थानीय बाली र जातहरुको विविधता धेरै भएको वा पाइने स्थानीय निकाय तथा समुदाय पहिलो प्राथमिकता दिएर छनोट गर्नु पर्दछ। यस्तो समुदायका मानिसहरूको खाद्य सुरक्षा, पोषण र जीविकोपार्जन मुलत: रैथाने बाली तथा अनौपचारिक बीउ प्रणालीमा निर्भर हुन्छ तर सामजिक परिवर्तन तथा प्राकृतिक प्रकोपका दृष्टिले रैथाने बाली तथा जातहरू जोखिमयुक्त अवस्थामा रहन्छ। दोस्रो प्राथमिकता विकासको दृष्टिकोणले सिमान्तकृत स्थानीय निकाय तथा समुदाय छनोट गर्नु उपयुक्त हुन्छ। सिमान्तकृत समुदायमा सामुदायिक बीउ बैंक मार्फत विविधता बढाउन र विविधतायुक्त खेति प्रणाली तथा उत्पादन विविधिकरण तथा कृषि प्रविधिहरुको प्रसार गर्न सकिन्छ।

२.२ सरोकारवाला निकायहरूबिच छलफल तथा सहमती

सामुदायिक बीउ बैंक स्थापनाका लागि छनोट गरिएको स्थानीय निकाय तथा समुदायमा कार्यरत कृषक समूह, सहकारी, संघसंस्था तथा अन्य सरोकारवाला निकाय बीच सामुदायिक बीउ बैंकको आवश्यकता तथा महत्व र सान्दर्भिकताको बारेमा छलफल गरेर राय-सुझाउ लिनुपर्दछ। सामुदायिक बीउ बैंक एक सहभागिता मूलक प्रक्रिया भएकाले यसमा सबैको पूर्ण सहमति र सहभागिताको निश्चिता हुनु पर्दछ। सामुदायिक बीउ बैंकको महत्व, त्यस क्षेत्रमा यसको सान्दर्विकता, यसको उद्देश्य, प्रारूप, व्यवस्थापनका पाटाहरूका बारेमा विस्तृत छलफल र सहमति आवश्यक पर्दछ। यसक्रममा कृषकहरुको जीविकोपार्जनमा स्थनीय जैविक विविधताको भूमिका, खेति प्रणालीमा रैथाने बाली तथा बीउहरुको महत्व, जलवायु परिवर्तन अनुकुलन, स्थानीय बीउ प्रणालीका चुनौती तथा अनुकुलनका अवसरहरुका बारे अवगत गराउनु अति आवश्यक हुन्छ।

यसबाट सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन गर्न स्थानीय स्तरका सरकारी तथा गैर सरकारी संस्था तथा कृषि सहकारीको अहम भूमिका हुने भएकाले उनीहरुको सहमति र सहभागिताको महत्वपूर्ण हुन्छ ।

२.३ कृषि सहकारी संस्था चयन वा गठन

हाल सम्म नेपालमा सामुदायिक बीउ बैंक दर्ताका लागि छुट्टै कानुनी संरचना बनेको छैन । अत: सामुदायिक बीउ बैंक स्थापना गर्ने निर्णय पश्चात यसको स्थापना तथा सञ्चालनका लागि सञ्चालनमा रहेका कृषि सहकारी संस्थाहरूको निश्चित मापदण्ड अनुसार अवस्था विश्लेषण गरी उपयुक्त कृषि सहकारी संस्था चयन गर्नु पर्दछ । यस प्रक्रिया अनुसार कुनै पनि सहकारी संस्था चयन हुननसकेको खण्डमा नयाँ सहकारी गठन प्रक्रिया अघि बढाउनु पर्दछ । यस अघि स्थापना गरिएका केही सामुदायिक बीउ बैंकहरू जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता गरी सञ्चालन गरिएको भएता पनि हाल आएर सहकारी संस्थाले नै सामुदायिक बीउ बैंक सञ्चालन गर्नु उपयुक्त हुन्छ भन्ने शिकाई रहेको छ । सहकारी संस्थाले सामुदायिक बीउ बैंक सञ्चालन गर्दा बीउको व्यावसायिक कारोवार गर्न सहज हुन्छ ।

२.४ संस्थागत क्षमता विकास

सामुदायिक बीउ बैंक सञ्चालनका लागि अर्को महत्वपूर्ण खुड्किलो भनेको सामुदायिक बीउ बैंक सञ्चालक सहकारीको व्यवस्थापन समिति, सदस्य र कर्मचारीहरूको क्षमता विकास गर्नु हो। सामुदायिक बीउ बैंक सञ्चालन गर्न आवश्यक प्रशासिनक, प्राविधिक तथा व्यवसायिक ज्ञान र सीपको विकास गर्नका लागि तालिम, भ्रमण र छलफलहरू आयोजना गर्नु पर्दछ । यी तालिमहरू सामुदायिक बीउ बैंक व्यवस्थापन, स्वस्थानीय जैविक विविधता संरक्षण तथा उपयोग, रैथाने बालीको बीउ तथा उपज बजारीकरण, गुणस्तरिय बीउ उत्पादन, बीउ प्रशोधन, बीउ प्रमाणिकरण तथा भण्डारण सम्बन्धी प्राविधिक शिप विकास, जातीय सुधार एवं दर्ता प्रक्रियाबारे अभिमुखिकरण र संस्थागत विकास जस्ता विषयवस्तुहरुमा केन्द्रित हुन पर्दछ । तालिम पश्चात सामुदायिक बीउ बैंकसँग सम्बन्धित बाली र जातको पहिचान, अभिलेख, बीउ संकलन, बीउ उत्पादन, बिक्रीवितरण, औजार तथा भौतिक संरचना विकास जस्ता पक्षहरू समेटेर समय तालिका र जिम्मेवारी बाडँफाँड सहितको कार्ययोजना तयार पार्नु पर्दछ । यसरी तयार पारिएको कार्ययोजनालाई मार्गदर्शक दस्तावेजका रूपमा लिई सोही योजना अनुरूप सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यलाई अघि बढाउनु पर्दछ ।

२.५ रैथाने बाली तथा जात पहिचान, अभिलेखिकरण

पहिलो चरणको तालिम, छलफल तथा अभिमुखीकरण पश्चात सामुदायिक बीउ बैंकको कार्य क्षेत्र भित्र कुन कुन रैथाने बाली तथा स्थानीय जातहरू के कति छन्, कुन अवस्थामा छन् भन्ने कुरा पहिचान गरी टोल-टोलमा गएर जानकारी संकलन गर्नु पर्दछ । यसरी संकलन गरिएको जानकारी विश्लेषण गरी सामुदायिक बीउ बैंकको कार्यक्षेत्र भित्र उपलब्ध रैथाने बाली तथा जातहरुलाई सामुदायिक कृषि जैविक विविधता अभिलेख (Community Agrobiodiversity Register: CAR) (अनुसूची १) मा अभिलेखिकरण गर्नु पर्दछ र त्यसै सूचीका आधारमा सामुदायिक बीउ बैंकमा स्रोत बीउ संकलन योजना तयारी गर्नु पर्दछ । त्यसैगरी उक्त सूचीका आधारमा रैथाने बाली तथा जातहरु के कस्तो अवस्थामा छन् भनेर विश्लेषणका लागि चार वर्ग विश्लेषण (Four Cell Analysis) (अनुसूची २), विधि अपनाउन सकिन्छ ।

२.६ स्रोत बीउ संकलन तथा भण्डारण

सामुदायिक बीउ बैंकको कार्यक्षेत्र भित्र उपलब्ध रैथाने बाली तथा जातहरू पहिचान र अभिलेखिकरण पश्चात त्यस उपरान्त पाक्ने बालीको स्रोत बीउ क्रमश: संकलन गर्नु पर्दछ। यसरी बीउ संकलन गर्दा कम्तीमा अनुसूची ५ अनुसारको परिमाण हुनु पर्दछ भने अनुसूची ३ अनुसारको पासपोर्ट डाटा विवरण पनि बीउसँगै संकलन गर्नु पर्दछ। स्रोत बीउ संकलन गरिसके पश्चात राम्रोसँग सुकाउने र केलाउने काम गरी बाली अनुसार सुरक्षित भण्डारणका लागि हावाबन्द (Air Tight) हुने बट्टा, बोरा वा बोतलहरुमा अनुसूची ६ मा दिएको ट्यागको नमूना अनुसार बीउ बारेको जानकारी खुलाएर राख्नु पर्दछ। बीउको परिमाण अनुसार बीउ भण्डारण कोठा तथा काठ वा स्टिलका रयाक यस अघि नै व्यवस्था गरिसकेको हुनु पर्नेछ। शुरुवाती चरणमा सहकारीको आफ्नै भवन नभएमा कोठा भाडामा लिएर पनि बीउ भण्डारण गर्न सकिन्छ।

२.७ विस्तृत कार्य योजना निर्माण तथा कार्यान्वयन

सामुदायिक बीउ बैंक दिर्घकालिन क्रियाकलाप हो, यो केही दिन वा केही वर्षका लागि होइन। अत: सामुदायिक बीउ बैंक शुरुवात गर्दा योजनाबद्द ढंगले अघि बढ्नु पर्दछ। यसरी योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरू हुन्, क) भवन निर्माणका लागि जग्गा व्यवस्थापन, ख) भौतिक संरचना निर्माण तथा अन्य सामग्री व्यवस्थापन, ग) रैथाने बालीको संरक्षण, बीउ उत्पादन तथा बजारीकरण, घ) रैथाने बालीमा आधारित खाद्यान्न उत्पादन तथा बजारीकरण, ङ) रैथाने बीउको दर्ता, च) उन्नत बीउ उत्पादन तथा बजारीकरण, छ) सामुदायिक बीउ बैंकको व्यवसायिक योजना र ज) सामुदायिक बीउ बैंक सञ्चालनका लागि कर्मचारी व्यवस्थापन, आदि। यसरी तयार पारिएको कार्ययोजना आवश्यकता अनुसार परिमार्जन गर्दै लैजानु पर्दछ। कार्ययोजना तयार गर्दा सामुदायिक बीउ बैंक सम्बन्धी अनुभवी व्यक्तिहरुको सहयोगमा तयार पार्नु पर्दछ भने उपलब्ध स्रोत साधनलाई पनि उत्तिकै ध्यान दिनु पर्दछ। कार्ययोजना कार्यान्वयनमा आइसकेपछि मासिक / आवधिक बैठकहरूमा समिक्षा तथा परिमार्जन गर्दै काम गर्नु पर्दछ। सहयोगी संस्थाहरूको अगुवाईमा कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्दा सबै चरणमा सम्बिन्धत कृषक, कर्मचारी, व्यस्थापन समिति र सदस्यहरूलाई समावेश गराउनु पदर्छ। यदि त्यसो नगरिए सहयोगी संस्था रहुन्जेल मात्र सामुदायिक बीउ बैंक सञ्चालनमा रहने र विस्तारै निस्क्रिय हुने जोखिम रहन्छ।

२.८ गुणस्तरीय बीउ उत्पादन तथा व्यवस्थापनका लागि क्षमता विकास

सामुदायिक बीउ बैंकको मुख्य काम गुणस्तरीय बीउमा कृषकहरूको पहुँच वृद्धि गराउनु हो। त्यसकारण गुणस्तरीय बीउ उत्पादन, प्रशोधन तथा बिक्री-वितरणमा सामुदायिक बीउ बैंक सञ्चालक सहकारी/संस्थाले बिशेष ध्यान दिनु पर्दछ। उन्नत जातको बीउ उत्पादन तथा बजारीकरणका लागि गुणस्तर नियन्त्रण तथा प्रमाणिकरण गर्दा तोके वमोजिम कानुनी प्रकृया पुरा गर्नु पर्दछ। वैधानिक रुपमा उन्नत जातको बीउ उत्पादन तथा बजारीकरणका लागि इजाजत पत्रको आवश्यकता पर्दछ। यसका लागि सामुदायिक बीउ बैंक सञ्चालक सहकारीले सम्बधित जिल्लाको कृषि ज्ञान केन्द्र वा जिल्ला कृषि विकास कार्यालयसँग समन्वय गर्नु पर्दछ। इजाजतका लागि पनि तालिम लिएर परीक्षामा उतीर्ण हुनुपर्छ। यसको अतिरिक्त गुणस्तरीय बीउ उत्पादनका लागि बीउ उत्पादक कृषक देखि लिएर व्यवस्थापन समितिका सदस्यहरुको पनि प्राविधिक क्षमता विकास गर्नु अनिवार्य हुन्छ। यस अन्तर्गत बाली विशेष गुणस्तरीय बीउ उत्पादन तालिम, सुरक्षित बीउ भण्डारण तथा ब्यवस्थापन तालिम, बीउबिजन प्रमाणिकरण प्रक्रिया सम्बन्धी तालिम आदिको आयोजना गर्नु पर्दछ।

२.९ सहकार्य तथा साझेदारी

सामुदायिक बीउ बैंक नितान्त प्राविधिक विषयमा हो भने यसले कारोवार गर्ने वस्तु अर्थात् बीउ निकै संवेदनशील हुन्छ।। अर्थात सामुदायिक बीउ बैंकलाई सफलरूपमा सञ्चालनका लागि प्राविधिक दक्षता र पर्याप्त आर्थिक सहयोगको जरूरी हुन्छ। अत: सामुदायिक बीउ बैंकका लागि आवश्यक प्राविधिक, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापनका लागि स्थानीय स्तरका सरोकारवाला निकायहरु जस्तै कृषि अनुसन्धान तथा विकासको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरू, स्थानीय सरकार, बीउ व्यवसायी, कृषि शिक्षासँग सम्बन्धित शैक्षिक संस्था आदिसँग समन्वय तथा सम्बन्ध स्थापित गर्नु अति आवश्यक छ।यसबाट आवश्यक श्रोत परिचालन गर्न तथा प्राविधिक सेवा प्राप्त गर्न सहज हुन्छ र सामुदायिक बीउ बैंक सञ्चालन गर्न सहज हुन्छ। सामुदायिक बीउ बैंकले संघीय, प्रादेशिक तथा स्थानीय तहमा कृषि जैविक विविधता संरक्षण तथा स्थानीय बाली प्रबर्द्धन मार्फत पोषण तथा खाद्द सुरक्षाको साथै कृषक अधिकार सुनिश्चत गर्ने लक्ष्य प्राप्तिमा नतिजामुखी सहकार्य तथा साझेदारीको भूमिका निर्वाह गर्न सक्द्छ भने सरोकारवाला निकायहरूले स्थानीय स्तरमा सामुदायिक बीउ बैंकलाई आवश्यक पर्ने आर्थिक, भौतिक तथा प्राविधिक सहयोगहरु उपलध गराउन सक्दछन।

२.१० दिगोपनाका लागि आन्तरिक श्रोत विकास तथा व्यवस्थापन

सफल सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनको अन्तिम चरण भनेको यसलाई दिगोरूपमा स्वचालित संस्थाको रूपमा स्थापित गर्नु नै हो। समग्र रूपमा कुरा गर्दा स्थापित सामुदायिक बीउ बैंकले संस्थागत हिसाबले सबल रहदै आर्थिक रूपमा आफ्नो सञ्चालन खर्च आफै धान्न सक्ने हुनुका साथै संलग्न कृषकहरूको बीउ तथा उत्पादनहरुलाई उचित बजारिकरणको व्यवस्थापन गर्न सक्नु पर्दछ। यसका लागि सामुदायिक बीउ बैंक र यसमा लाग्ने कृषकहरूलाई संरक्षण, उत्पादन तथा बजारिकरणको लागि आवश्यक पूँजीव्यवस्थापन गर्नु पर्दछ। यसका लागि सरोकारवाला निकायहरुको सहयोग तथा परामर्शको आवश्यकता पर्दछ।

सामुदायिक बीउ बैंकको दिगो सञ्चालनका लागि मुख्य गरि दुइ प्रकारका कोषहरु क) बीउ पूँजी कोष र ख) सामुदायिक जैविक विविधता व्यवस्थापन कोष निकै उपयोगी साबित भएका छन् (श्रेष्ठ र राना, २०१८)। जसको संक्षिप्त चिनारी निम्नानुसार छ:

क) बीउ पूँजी कोष (Seed Fund): बीउ पूँजी कोष संस्थाको कारोबार सहजीकरण तथा आर्थिक स्रोत वृद्धिका लागि परिचालन गरिने तर कहिले पनि खर्च भएर नजाने एउटा चलायमान अक्षय कोष हो (श्रेष्ठ, २०७५)। यो कोष सामुदायिक बीउ बैंकका सदस्य कृषकहरुले उत्पादन गरेका बीउ तथा खाद्यान्न खरिद गर्न प्रयोग गरिन्छ र बीउ तथा खाद्यान्नको बिक्री पश्चात खर्च भएको रकम पुन: बीउ पूँजी कोषमा नै जम्मा गरिन्छ। यसको परिचालनबाट आर्जित मुनाफा संस्थागत विकास, सामुदायिक बीउ बैंकको प्रशासनिक खर्च, कर्मचारीको तलब वा सोहि कोषमा रकम वृद्धिका लागि संस्थाको नियमअनुसार प्रयोग गर्न सकिन्छ। सामुदायिक बीउ बैंक स्थापना गर्न पहल गर्ने/सहजीकरण गर्ने सरकारी वा गैर-सरकारी निकायले यो कोष स्थापनाका लागि कृषक संस्थालाई आर्थिक सहयोग गर्नु पर्दछ। यस बीउ पुजी कोषमा रकम यति नै हुनु पर्छ भन्ने नभए पनि कृषक संस्था वा बीउ बैंकले बीउ तथा उत्पादन कारोबार गर्नका लागि आवश्यक पर्ने पेश्की रकम दिन वा प्राथमिक लगानी खर्चहरु धान्न सक्ने परिमाण हुनु पर्दछ। स्रोतको उपलब्धता हेरी बीउ पूँजी कोषमा रु. ५ लाखसम्म रकम राख्न सके सामुदायिक बीउ बैंकलाई बीउको कारोबार गर्न सहज हुन्छ।

ख) सामुदायिक जैविक विविधता व्यवस्थापन कोष (Community Biodiversity Management Fund): यो कोष एउटा घुम्ती कोषको अवधारणामा सञ्चालित हुने लगानी कोष हो। यस कोषको रकम सामुदायिक बीउ बैंक वा बीउ बैंक सञ्चालन गर्ने संस्थाका सदस्यहरु बीच कृषिमा आधारित आम्दानीमूलक क्रियाकलापहरु सञ्चालनका लागि सहुलियत ऋणको रुपमा परिचालित गरिन्छ (श्रेष्ठ, २०१८)। सामुदायिक बीउ बैंकमा आवद्ध महिला, दलीत तथा बिपन्न वर्गका सदस्यहरुलाई प्राथमिकता दिई प्रचलित ब्याज दर भन्दा केही सहुलियत (वार्षिक ६ प्रतिशत) दरमा यो कोषको रकम ऋण लगानी गरिन्छ। ऋणी सदस्यले सहुलियत दरमा ऋण पाए बापत कुनै एक वा एक भन्दा बढी स्थानीय बाली/जातको खेती वा बीउ उत्पादन गर्नु पर्दछ। यस्तो तरिकाले स्थानीय जैविक विविधता संरक्षणमा पनि यो कोषले प्रत्यक्ष भूमिका खेल्न सक्दछ। ऋण परिचालनका लागि आवश्यक नीति-नियम र प्रक्रियाहरु "कोष परिचालन निर्देशिका" बनाएर गर्नु पर्दछ। यसरी कोष परिचालन मार्फत एकातिर सदस्य कृषकको आयआर्जन वृद्धिमा टेवा पुग्दछ भने अर्को तर्फ ब्याजआम्दानीबाट संस्था सञ्चालन तथा जैविक विविधता संरक्षणका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था हुन्छ। सामान्यतया यस कोषको आम्दानीको कम्तिमा पनि २०% रकम स्थानीय बाली तथा जातहरुको बीउ संरक्षण, बीउ उत्पादन र वितरणमा प्रयोग गर्नु पर्दछ भने बाकी रकम संस्थाको निर्णय अथवा निर्देशिकाले निर्दिस्ट गरे बमोजिम संस्था सञ्चालन अथवा कोष वृद्धिमा खर्च गर्न सकिन्छ।

कोष परिचालनका साथसाथै, स्थानीय तथा उन्नत जातका बीउबिजनहरुको ब्यापार र स्थानीय उत्पादनहरुको बिक्री वितरणबाट भएको आम्दानीले पनि सामुदायिक बीउ बैंक व्यवस्थापन तथा सञ्चालनमा टेवा पुऱ्याउन सक्दछ। बीउ तथा कृषि उपजको व्यवसायबाट भएको मुनाफाको केही प्रतिशत रकम सामुदायिक बीउ बैंक सञ्चालन, कृषि जैविक विविधता संरक्षण तथा संस्थाको आन्तरिक कोष वृद्धिमा जाने प्रक्रियाको विकास गर्नु पर्दछ जसले गर्दा संस्था दिगो रुपमा सञ्चालन हुन मद्दत पुग्दछ।

३. सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनका लागि पुरा गर्नुपर्ने आधारभूत मापदण्डहरु

सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनका लागि केही न्युनतम आवश्यकताहरु हुन्छन् जुन सुरुवाती अवस्था देखिनै परिपूर्ति गर्दै जानु पर्ने हुन्छ। बिशेष गरि कानुनी मूल्यमान्यताहरु, स्रोत सामग्री, पूर्वाधार लगाएत प्राविधिक क्षमताहरु यस अन्तर्गत पर्दछन्। सामुदायिक बीउ बैंकको विशिष्ठ उद्धेस्यहरु अनुसार पनि कतिपय पूर्वाधारहरु स्थापनाकाल देखि नै अपरिहार्य हुन्छन् भने कतिपय क्रबद्ध रुपमा आवश्यकता अनुसार विकास गर्दै लानुपर्ने खालका हुन्छन्। बीउ बैंक सञ्चालनका क्रममा पनि उपलब्ध स्रोत-साधनको समुचित प्रयोग, कार्य सचालन योजना तथा सम्पादन क्षमता, नैतिक जिम्मेवारी लगाएत सम्बन्धित निकायहरु संगको समन्वय तथा सहकार्यको सन्तुलन पनि अति आवश्यक छ। यस संग सम्बन्धित केही आधारभूत विषयहरु निम्नानुसार छन् :

३.१ बीउ बैंक स्थापना तथा सञ्चालनका लागि आवश्यक न्यूनतम पूर्वाधारहरु

क. संस्थागत कानुनी वैधानिकता: कुनै पनि सहयोगी सरकारी एबम गैर सरकारी संस्थाले सहयोग तथा सहकार्य गर्न वैधानिक संस्था/सहकारी नै चाहिने हुन्छ तसर्थ सामुदायिक बीउ बैंकले वैधानिकता प्राप्तगर्नु अपरिहार्य हुन्छ। हाल सम्मकको नीतिगत व्यवस्थामा सामुदायिक बीउ बैंकलाई एउटा छुट्टै संस्थाको रुपमा वैधानिकता दिने वा दर्ता गर्ने प्रावधानको व्यवस्था छैन तसर्थ, सामुदायिक बीउ बैंक सञ्चालन गर्ने स्थानीय संस्था वा सहकारी प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा (सहकारी भए डिभिजन सहकारी तथा सम्बन्धित पालिकामा वा संस्था भए जिल्ला प्रशाशन कार्यालयमा र समाज कल्याण परिषदमा) दर्ता भएको हुनु पर्दछ। संस्था दर्ताको विधि तथा प्रक्रिया संस्थाअनुसार फरक हुने हुनाले प्रचलित कानुन बमोजिम सम्पन्न गर्नु पर्दछ। तर, संस्था/सहकारीको विधानमा सामुदायिक बीउ बैंक सञ्चालनको उद्देश्य प्रस्ट लेखिएको र ब्याख्या भएको हुनु पर्दछ। सामुदायिक बीउ बैंकले बीउ तथा उत्पादनको कारोबार पनि गर्ने हुनाले बीउ बैंक सञ्चालन गर्ने संस्था स्थायी लेखा नम्बर (PAN) मा पनि दर्ता हुनपर्द छ। यससंगै वार्षिक रुपमा लेखापरिक्षण, साधारण सभा, संस्था नविकरण तथा कर चुक्ता जस्ता कार्यहरु अनिवार्यरुपमा गर्नु पर्दछ।

ख. प्राविधिक क्षमता तथा समावेसी सहभागिता: बीउको कारोबार प्राविधिक पक्षसंग जोडिएको हुनाले र सामुदायिक बीउ बैंक कृषि जैविक विविधता संरक्षणमा संलग्नहुने हुनाले संस्थागत विकासको क्षमताका साथै अन्य प्राविधिक क्षमताहरु पनि आवश्यक हुन आउँदछ। विशेष गरि सुरुवाती अवस्था देखिनै स्वस्थानीय, घर गोठ खेति स्थलीय, संरक्षित बाली प्रजनन र पर-स्थानीय बाली संरक्षणका विधिहरुमा, प्राविधिक सूचन तथा जानकारी संकलन र लेखनमा, गुणस्तरीय बीउ उत्पादन, बीउ प्रशोधन, भण्डारण तथा बीउबिजन प्रमाणिकरणको लागि आवश्यक पर्ने प्राविधिक ज्ञान/शिप अपरिहार्य छ। सामुदायिक बीउ बैंक सञ्चालन गर्ने संस्थाले बीउ उत्पादन अनुमति पत्र अनिवार्य लिनु पर्दछ जसका लागि ३ दिने बीउ उत्पादन तालिम कृषि ज्ञान केन्द्र अथवा बीउबिजन प्रयोगशाला बाट लिनु पर्दछ। साथसाथै, संस्थागत सुशासन, सामुदायिक बीउ बैंक

व्यवस्थापना, आर्थिक कारोबार तथा लेखा व्यवस्थापन, ब्यापार योजना विकास र कार्यान्वयन पाटोमा पनि सामुदायिक बीउ बैंक सञ्चालन समिति तथा सदस्यहरुको प्राविधिक विकास हुनु अति आवश्यक छ।

सामुदायिक बीउ बैंक एउटा सहभागिता मूलक अवाधरणामा आधारित प्रक्रिया भएको हुँदा, स्थानीय कृषकहरुको समावेसी सहभागिता अपरिहार्य हुन्छ। समाजका सबै जात-जाती, महिला, साना तथा ठुला कृषकहरु लगाएत सम्पूर्णको सहभागिता हुनु पर्दछ। कृषि जैविक विविधता सम्बन्धी कामगर्नु पर्ने हुनाले स्थानीय भौगोलिक तथा सांस्कृतिक विविधताको प्रतिनिधित्व हुने गरि संस्थाको विकास गर्नु पर्दछ ताकी धैरै भन्दा धैरै सूचना, जानकारी, जैविक स्रोतहरुको पहिचान र प्रवर्द्धन होस। सके सम्म विविध कृषि पर्यावरण क्षेत्रहरु समेटिने गरि कार्यक्षेत्र गठन गर्नु पर्दछ जसले गर्दा उत्पादन विविधिकरण देखि महत्वपूर्ण जैविक विविधताहरुको संरक्षणमा टेवा पुग्दछ। व्यवस्थापन तथा सञ्चालन समितिहरुमा पनि समावेसी सहभागिता आवश्यक छ जुन कानुनी हिसाबले पनि अपरिहार्य छ भने संस्थामा सुशाशन कायम र समुदायमा अपनत्वको भावना विकास गर्न पनि धैरै महत्वपूर्ण हुन्छ।

ग. आर्थिक तथा भौतिक स्रोत: सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनका लागि सुरुवाती दिन देखिनै आर्थिक तथा भौतिक स्रोतहरुको आवश्यकता पर्दछ। बीउ बैंक स्थापना गर्न पहल गर्ने सरकारी वा गैर-सरकारी संस्थाले सुरुवाती अवस्थाका ब्यवस्थापकीय खर्चहरुको व्यवस्थापनमा सहयोग गर्नु पर्दछ। सामुदायिक बीउ बैंक सञ्चालन गर्ने कृषक संस्थाको आम्दानीको बाटो सिर्जना नहुन्जेल सम्म सहयोगी निकाय वा स्थानीय सरकारबाट नियमित आर्थिक स्रोतको व्यवस्था हुने व्यवस्था मिलाउनु पर्दछ। संस्थागत विकास संगै माथि शिर्षक २.१० को बुँदा (क) र (ख) मा उल्लेखित कोषहरु तथा ब्यापार स्थापना पश्चात आन्तरिक रुपमा आर्थिक स्रोतको व्यवस्था हुदै जान्छ। सामुदायिक बीउ बैंकका नियमित खर्चहरु जस्तै कर्मचारी खर्च, स्थानीय बीउ खरिद तथा वितरण खर्च, विविधता प्रदर्शनी स्थल व्यवस्थापन खर्च, बैठक खर्च इत्यादि स्थानीय सरकार/पालिकाको वार्षिक कृषि विकास योजनामा समेटेर व्यवस्थापन गर्न सकिन्छ अथवा सहयोगी निकायहरु बाट पनि लिन सकिन्छ तर यो स्रोत दिगो भने नहुन सक्छ।

आर्थिक जस्तै केही भौतिक स्रोतहरु सुरुवाती चरण देखिनै आवश्यक हुन्छन भने केही बीउ बैंक सञ्चालन तथा कारोबार हुने बीउको परिमाणका आधारमा आवश्यक पर्दै जानेखालका हुन्छन्। सामान्यतया सुरुवाती अवस्थाको सामुदायिक बीउ बैंक सञ्चालनका लागि अनुसूची ८ मा उल्लेख गरिएका सामग्री तथा भौतिक संरचनाहरु सामुदायिक बीउ बैंक सञ्चालनका लागि आवश्यक पर्दछ।आर्थिक स्रोत जस्तै, सुरुवाती अवस्थामा आवश्यक पर्ने सामग्रीहरु सामुदायिक बीउ बैंक स्थापना गर्न पहल गर्ने सरकारी निकाय वा गैर सरकारी निकायको सहयोगमा व्यवस्था गर्नु पर्दछ भने पछिल्लो चरणमा स्थानीय सरकारबाट पनि सहयोग लिन सकिन्छ। विशेष गरि सुरक्षित बीउ भण्डारण, बीउ प्रशोधन तथा कार्यालय प्रयोजनका सामग्रीहरु सुरुवाती अवस्था देखि नै आवश्यक हुन्छन् भने बीउको कारोबार बढे संगै अनुसूची ९ मा उल्लखे भए बमोजिमका थप भौतिक संरचना, सामाग्रीहरु तथा औजारहरुको व्यवस्था गर्दै लग्नु पर्ने हुन्छ।

घ. सरोकारवाला निकायहरु संग समन्वय र सहकार्य: सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन गर्न स्थानीय, प्रादेशिक तथा केन्द्रीय स्तरका निकायहरु संग समन्वय तथा सहकार्य अनिवार्य हुन आउदछ। कतिपय क्रियाकलापहरु अन्य निकायको सहयोग बिना सम्भाव नै नहुने खालका हुन्छन् भने कतिपयका लागि सहयोग र सहभागिता अति महत्वपुर्ण हुने खालका हुन्छन। मुख्य सरोकार वाला निकाय र सम्भाब्य समन्वय र सहकार्य तालिका १ मा उल्लेख गरिएको छ।

तालिका १: सामुदायिक बीउ बैंकका विभिन्न सरोकारवाला निकायहरु र सम्भावित सहकार्यको विवरण

क्र. सं.	सरोकारवाला निकायहरु	समन्वय-सहकार्य गर्न सकिने वा गर्नु पर्ने विषयहरु
१	स्थानीय कृषक समूह, सहकारी तथा सामुदायिक संस्था	सामुदायिक बीउ बैंकको वैधानिकताका लागि, स्थानीय कृषि जैविक विविधता संकलन र संरक्षणका लागि, विविधता प्रदर्शनी स्थलहरु राख्न, कृषि जैविक विविधता प्रदर्शनी मेला तथा बीउ साटासाट जस्ता कार्यक्रमहरु गर्न, ठुलो/व्यवसायीक परिमाणमा बीउ उत्पादन गर्नका साथै अन्य विभिन्न समुदाय स्तरका सहभागिता मूलक काम गर्न स्थानीय समूह, सहकारी तथा संस्थाहरु संग सम्बन्ध विस्तार गर्नु पर्दछ।
२	स्थानीय सरकार (गाउँ/नगरपालिका) तथा प्रादेशिक सरकार	जैविक विविधता संरक्षण तथा प्रबर्द्धनका लागि नीति तथा योजना बनाउन, सामुदायिक बीउ बैंक सञ्चालनका लागि प्राविधिक, भौतिक तथा आर्थिक स्रोतहरु जुटाउन, सामुदायिक बीउ बैंकको उद्देश्यसँग नबाझिने गरी कृषकलाई फाइदाजनक बिबिध कृषि कार्यक्रमहरू संयुक्त रुपमा सञ्चालन गर्न, समय समयमा आवश्यक पर्ने सिफारिस पत्र तथा वैधानिक कागजादहरु बनाउन इत्यादि।
३	कृषि अनुसन्धान तथा विकासमा काम गर्ने गैर सरकारी संघ-संस्थाहरु	स्थानीय कृषि जैविक विविधताको पहिचान, संकलन, दस्तावेजीकरणमा आर्थिक तथा प्राविधिक सहयोग लिन, नयाँ/उपयुक्ता बाली/बिरुवाका बीउहरु पाउन, बिशेष गरि आर्थिक र भौतिक स्रोतको सहयोगका लागि, कृषक तथा संस्थाको क्षमता विकासकका तालिम, विभिन्न गोष्ठी, भ्रमणका लागि, उत्पादित बीउ तथा स्थानीय उपजको बिक्री-वितरणका लागि, नीतिगत बहस पैरवी र पहिचानका लागि सहकार्य गर्न सकिन्छ, इत्यादि।
४	कृषि अनुसन्धान तथा विकासका क्षेत्रमा कामगर्ने सरकारी निकाय/कार्यालयहरु	स्थानीय कृषि जैविक विविधताको पहिचान, संकलन, दस्तावेजीकरणमा आर्थिक तथा प्राविधिक सहयोग लिन, नयाँ/उपयुक्त बाली/बिरुवाका बीउबिजनहरु/स्रोत बीउहरु पाउन, बिशेष गरि आर्थिक र भौतिक स्रोतको जुटाउन, सरकारका तर्फबाट उपलब्ध सेवा, सुविधा, अनुदानका कार्यक्रमहरुमा सहभागी हुन, कृषक तथा संस्थाको क्षमता विकासकका तालिम, विभिन्न गोष्ठी, भ्रमणका लागि, उत्पादित बीउ तथा स्थानीय उपजको बिक्री-वितरणका लागि, अधिकारिक अनुमति पत्रहरु, प्रमाणपत्र तथा वैधानिकता प्राप्त गर्न, इत्यादि।
५	बीउबिजन गुणस्तर मापन तथा प्रामाणिकरण गर्ने निकायहरु	उत्पादीत बीउबिजनहरुको गुणस्तरमापन तथा बीउ स्तर प्रमाणिकरण र संकेत पत्र जारि गर्नका लागि, गुण स्तरीय बीउ उत्पादन सम्बन्धी कृषक स्तरीय तालिमहरुका लागि, इत्यादि।
६	निजि बीउ कम्पनि, कृषि सामग्री तथा सेवा प्रदायक व्यवसायीहरु	उन्नत बीउ उत्पादनक लागि आवश्यक स्रोत बीउ पाउन, उत्पादित उन्नत बीउ बिजनहरु बजारीकरण गर्न, उत्पादन तथा बजारिकरण, नयाँ जातको परिक्षण गर्न, बीउ उत्पादनका लागि आवश्यक पर्ने कृषि औजार, मल तथा अन्य सामग्रीहरु खरिद-बिक्री गर्न, इत्यादि।

क्र. सं.	सरोकारवाला निकायहरु	समन्वय-सहकार्य गर्न सकिने वा गर्नु पर्ने विषयहरु
७	कृषि अनुसन्धान तथा शैक्षिक क्षेत्रका सरकारी एबम गैर सरकारी निकायहरु, बिश्व बिध्यालय/ क्याम्पस/ प्राविधिक शिक्षालयहरु	संयुक्त रुपमा कृषि जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धन, बाली विकास/सुधार, नयाँ ज्ञान, शिप तथा प्रविधिमा क्षमता विकास गर्न, कृषि क्षेत्रमा समस्या समाधान/निराकरणका उपायहरुक बारे छलफल तथा जानकारी लिन इत्यादि।
८	वित्तीय संस्थाहरु (बैंक/फाईनान्स/सहकारी)	सामुदायिक बीउ बैंकलाई वा सदस्यहरूमा व्यवसायिकता वृद्धिका लागि आर्थिक लगानीको वातावरण मिलाउन, व्यवसायिक ऋण लगानीका लागि
९	संस्थागत सुशासन र वैधानिकता कायम गर्ने संस्थाहरु	सुशासन सम्बन्धी तालिम तथा सहजीकरण, संस्था नवीकरण, अन्तरिक क्षमता विकास तथा व्यवस्थापन सहयोग, पहिचान वृद्धि, हक/अधिकार, नीति नियम परिमार्जनमा बहस पैरवी गर्न इत्यादि।
१०	राष्ट्रिय जीन बैंक	स्थानीय/रैथाने बालीका बीउ बिजनहरुको दिर्घकालिन संरक्षण गर्न, प्राविधिक सल्लाहा तथा सुझाउ, तालिम तथा अभिमुखीकरण प्राप्त गर्न, जातीय दर्ता प्रक्रिया सहजीकरण गर्न, इत्यादि।
११	सामुदायिक बीउ बैंक संघ नेपाल	बीउ बैंकको क्षमता तथा पहिचान विकास गर्न, विभिन्न समस्या तथा आवश्यकताहरु सम्बन्धित निकाय सम्म पुर्‍याउन, अन्य बीउ बैंकहरु संग समन्वयमा कामगर्न, बीउको साटासाट गर्न, नीतिगत बहस-पैरवी गर्न इत्यादि।
१२	सामुदायिक होमस्टे वा होटेलहरु	स्थानीय कृषि जैविक विविधता, रैथाने बाली तथा उत्पादनको उपभोगिता वृद्धि गर्न, कृषि र पर्यटनलाई जोड्न, स्थान बिशेष कृषि उत्पादनको प्रवर्दन, कृषि संग सम्बन्धित परम्परा तथा संस्कृतिको प्रवर्दन गर्न, इत्यादि।

३.२ सामुदायिक बीउ बैंकले सञ्चालन गर्नु पर्ने मुख्य क्रियाकलाप तथा प्रक्रिया

सामुदायिक बीउ बैंकले मुख्य लक्ष्य प्राप्तिको लागि मुख्यतः जैविक विविधता संरक्षाण, सम्बर्धन तथा प्रसारको काम गर्नुपर्छ। बीउ बैंकको प्रकृती र प्रकारका आधारमा कामहरूमा केही फरक हुन सक्ने भएता पनि तालिका २ मा उल्लेखित कामहरू सामुदायिक बीउ बैंकको मर्म अनुरुप प्रमुख रहेका छन्।

तालिका २: सामुदायिक बीउ बैंकले सञ्चालन गर्नुपर्ने मुख्य क्रियाकलापहरु

क्र.सं.	क्रियाकलाप	संचालन प्रक्रिया
१) रैथाने तथा स्थानीय बीउ संकलन, संरक्षण, प्रवर्द्धन, सम्बर्धन र उत्पादन कार्यहरु गर्ने गराउने		
१.१	सामुदायिक कृषि जैविक विविधता अभिलेख	सामुदायिक बीउ बैंक स्थापनामा सहजिकरण गरिरहेको संस्थाले सर्बप्रथम सञ्चालक समिति तथा सदस्यहरूलाई सामुदायिक कृषि जैविक विविधता अभिलेखको व्यवहारिक

क्र.सं.	क्रियाकलाप	संचालन प्रक्रिया
	(Community Agrobiodiversity Register) भर्ने	बिषयमा अभिमुखीकरण गर्नुपर्छ। उनीहरूको नेतृत्वमा कृषक समूह तथा समुदाय भ्रमण गरी स्थानी बालीमा बढी जानकारी राख्ने स्थानीय बुद्धीजीवीहरूसँग छलपफल गरेर त्यस स्थानमा लगाइने वा पाइने बाली र जात, तीनका बनोट, बिशेष गुण र प्रयोग अभिलेखमा टिपोट गरिनु पर्छ। साथसाथै सम्भव भएकाबालीको फोटो तथा नमुना पनि संकलन प्राथमिकताका साथ गर्नुपर्दछ।
१.२	स्थानीय स्तरमा भएका सबै रैथाने तथा स्थानीय बाली तथा जातहरुको बीउको नमुना संकलन गर्ने, सुरक्षित भण्डारण गरि अभिलेख राख्ने र प्रदर्शनी स्थल राख्ने	स्थानीय कृषक समूह, सहकारी, संघ संस्था तथा स्थानीय तह र जिल्ला स्थीत सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गरी रैथाने बाली तथा जातहरुको बीउको नमुना संकलन गर्नु पर्दछ। ती बाली तथा जातका बीउहरु सामुदायिक बीउ बैंक भवनमा प्रदर्शनी गर्नु पर्दछ। यस क्रममा आएका सबै बाली जातको अभिलेख गर्ने र सामुदायिक कृषि जैविक विविधता अभिलेखमा (अनुसूची १) रूजु गरी थप आएका बाली तथा जातको बीवरण एवं जानकरी अद्यावधिक अनीवार्य गर्नुपर्छ। संकलित नमुनाहरूको एकप्रती कृषि ज्ञान केन्द्र / अन्य सहयोगी निकायको सहयोगमा वा सिधा सम्पर्कमा राष्ट्रिय आनुवंशिक श्रोत केन्द्रमा पठाउने जसका लागि अनुसूची ३ को पासपोर्ट डाटा फारम भरि अनुसूची ४ बमोजिमको बीउको परिमाण सहित पठाउने।
१.३	लोपोन्मुख अवस्थामा पुगेका बाली जातहरुका साथै स्थानीय कृषकहरुलाई आवश्यक पर्ने थरिथरिका रैथाने, स्थानीय तथा उन्नत जातका बीउहरु उत्पादन गरिबिक्री-वितरण र साटासाट गर्ने	बाली वा जातहरूको अवस्था बिश्लेषणका लागि चारकोठे/वर्ग विश्लेषण (अनुसूची २) गर्नुपर्दछ। यसबाट बिशेष संरक्षणको खाँचो रहेको लोपोन्मुख स्थानीय बाली तथा जातहरु पहिचान गरि थोरै क्षेत्र / संख्यामा भएपनि निरन्तर बीउ उत्पादन हुने र वितरण हुने परिपाटी मिलाउनु पर्दछ। स्थानीय स्तरमा लोकप्रिय, ठुलो क्षेत्रमा खेति हुने स्थानीय जातहरुको बीजवृद्धि गरि गुणस्तरीय बीउको उपलब्धता बढाउनु पर्दछ। त्यसैगरि आफ्नो क्षेत्र सुहाउने उन्नत जातहरुको पनि बीजवृद्धि गरि बिक्री वितरण गर्न सकिन्छ। यस क्रममा संरक्षण तथा व्यवसायिक उत्पादन गर्न सक्ने कृषकहरू छनौट गर्ने, आवश्यक प्राविधिक सहयोग गर्ने र बीउ उत्पादन योजना (अनुसूची ७) विकास गरि कार्यान्वयनमा लैजानु पर्छ।
१.४	मौषम अनुसारका स्थानीय बाली / जातहरु समेटी कृषि जैविक विविधता मेला सञ्चालन गर्ने साथै प्रदर्शनी स्थल स्थापना गर्ने	स्थानीय स्तरमा अति दुर्लभ, लोपोन्मुख अवस्थामा पुगेका बाली / जातहरुका साथै एकैबालीमा १० वा सोभन्दा बढी स्थानीय जात भएका बालीको जैविक विविधता प्रदर्शनी स्थल स्थापना गर्नुपर्छ। प्रदर्शनी स्थल बाटोको छेउछाउमा आउजाउ गर्न सहज स्थानमा राख्नु पर्छ। बाली र जातको विवरणयुक्त ट्याग प्रत्येक जातको प्लटमा झुण्डाउने तथा प्रदर्शनीस्थलमा बोर्ड व्यवस्था गर्नुपर्छ। यसो गर्नाले जातहरुका बारेमा जनाचेतना बढ्नुका साथै थोरै परिमाणमा भएपनि वार्षिक रुपमा बीउ उत्पादन हुन्छ। जुन आवश्यकता अनुसार माग गर्ने स्थानीय कृषकहरुलाई दिन र बीउ बैंकमा नै बीउहरुको विविधता प्रदर्शनीमा राखन प्रयोग गर्न सकिन्छ। प्रदर्शनी स्थलबाट उत्पादित र समुदायबाट विभिन्न रैथाने तथा स्थानीय बाली र जातहरु समेटी कृषि जैविक विविधता मेला सञ्चालन गर्न सकिन्छ।

क्र.सं.	क्रियाकलाप	संचालन प्रक्रिया
१.५	आवश्यक जनशक्ति, सामग्री तथा भौतिक संरचनाको व्यवस्थापन	अर्को महत्वपूर्ण कार्य भनेको सामुदायिक बीउ बैंकका नियमित तथा न्युनतम कार्य सञ्चालनका लागि आवश्यक पर्ने प्रविधि, मानवस्रोत, भौतिक सामग्रीहरु र आर्थिक स्रोतको व्यवस्थापन गर्नुपर्ने हुन्छ। सुरुवाती चरण देखि नै विभिन्न बालीका बीउ संकलन, केलाउने, जाँच गर्ने, सुकाउने, अभिलेख गर्ने, अनुगमन, अभिमुखीकरण, प्रस्तावना तयार जस्ता कार्य भइरहने हुँदा संस्थाको क्षमता र आवश्यकताको निर्क्यौल गरी स्थायी तथा अस्थायी कर्मचारी राख्ने तथा संलग्न व्यक्तिहरुको क्षमता विकासको कार्य गर्नु पर्दछ ।त्यसै गरी बीउ भणडारण, केलाउने सुकाउने सामग्रीहरू आवश्यकता अनुसार व्यवस्था गर्नुपर्छ भने सुरक्षित घर भणडारण गृह तथा अफिसको व्यवस्थापन अनिवार्य हुन्छ। यी कुराको व्यवस्थापन संस्था एक्लैको सामर्थ्य नपुग्ने हुँदा अन्य सरकारी तथा गैर सरकारी संस्थाबाट सहयोग लिन सकिन्छ।
२) स्थानीय स्तरमा आवश्यक बीउ-बिजनहरुमा सबैको सुलभ पहुच हुने व्यवस्था गर्ने		
२.१	स्थानीय कृषक तथा बजारमा माग हुने बालीहरूको पहिचान तथा योजना निर्माण तथा कार्यान्वयन	सामुदायिक बीउ बैंकले स्थानीय स्तरमा आवश्यक पर्ने वा हावापानी सुहाउदो विविध बालीका विविध जातहरुका बीउहरुको आवश्यकताको आकलन गर्नुपर्छ। स्थानीय स्तरमा रुचाईएका स्थानीय जातका बीउहरू बजारमा कम्पनीहरूबाट उपलब्ध नहुने हुँदा त्यस्ता जातहरुको बीउ उत्पादन र बिक्री वितरण गर्नु पर्दछ। साथै सामुदायिक बीउ बैंकहरूले बजारमा राम्रो माग रहेका र स्थानी यस्तरमा पनि खेति गर्न सकिने आधुनिक बालीका उन्नत जातहरुको पनि बीउ उत्पादन तथा बिक्री वितरण गर्न सकिन्छ। यसले स्थानीय स्तरमा व्यवसायिक बीउ उत्पादनको अवसरका साथै सामुदायिक बीउ बैंक सञ्चालनका लागि थप आम्दानीको स्रोत व्यवस्थापनमा सहयोग पुग्दछ ।यसको लागि सामुदायिक बीउ बैंकले विज्ञहरूको सहायतामा बीउ उत्पादन तथा व्यवसायिक योजना निर्माण गरेर कार्यान्वयनमा लैजानु पर्छ भने आवश्यक प्राविधक ज्ञान र अनुमति सम्बन्धित निकायहरुबाट लिनु पर्दछ।
२.२	उत्पादन क्षेत्रमा कृषक वा समूह छनौट तथा तालिम	स्थानीय तथा उन्नत बीउ उत्पादनको लागि उपयुक्त जग्गा, कृषक वा कृषक समूह छनौट गरी लक्ष्य अनुरूप मूल/स्रोत बीउहरूको व्यवस्थापन गर्नु पर्दछ। बीउ उत्पादनमा संलग्न कृषकहरुको क्षमता अभिवृद्धि अपरिहार्य भएकोले सम्बन्धित विज्ञ तथा संस्थाको सहायतामा तालिम तथा अभिमुखीकरण कार्यक्रमहरुको आयोजना समय-समयमा गरि रहनु पर्दछ। साथै बीउ उत्पादन कार्यक्रमको अनुगमन आन्तरिक रुपमा नियमित रुपले गर्नु पर्दछ।
२.३	सम्बन्धित निकायमा जानकारी, अनुगमन तथा परिक्षण गराउने	प्रमाणित / उन्नत स्तरका बीउ उत्पादनका हकमा नजिकको सम्बन्धित निकायमा जानकारी गराउनु पर्दछ भने प्राविधिक सहयोगको लागि अनुरोध गर्नु पर्दछ। प्रमाणित बिधी अपनाउने सामुदायिक बीउ बैंकहरूले सम्बन्धित निकायको समन्वयमा अनुगमन गराउनु पर्छ। समय समयमा समिति सदस्यहरूले पनि भ्रमण गरी उचित सुझाव प्रदान गर्नु पर्छ। बीउ बिक्रीमा लानुभन्दा पहिले उमारशक्ती, आद्रता, शुद्धता जस्ता गुणाहरू परिक्षण गराएर नतिजा लिनु पर्छ।

क्र.सं.	क्रियाकलाप	संचालन प्रक्रिया
२.४	उत्पादीत बीउ वा वस्तुको प्रशोधन, प्याकेजिङ र बजारीकरण	कृषक हरूबाट उत्पादित वा आफैले उत्पादन गरेका बीउहरूको शुद्दताका लागि सामुदायिक बीउ बैंकले विशेष ध्यान दिनु पर्छ । राम्ररी केलाउने सुकाउने गर्नु पर्छ । बीउको स्तर अनुसारको ट्याग प्रयोग गरी प्याकेजिङ गर्ने तथा बजारिकरण गर्नु पर्छ । यसका लागि सम्बन्ध विस्तार, गुणस्तर र प्रतिष्पर्धी मूल्य निर्धारण प्रमुख हुन्छन् ।
३. बीउहरुको बैंकिङ्ग कारोबार गर्ने गराउने		
३.१	बीउ भण्डारण स्थल उपलब्ध गराउने	कृषकहरुले उत्पादन गरेको बीउ भण्डारणका लागि सुरक्षित स्थान नभएमा बीउ नासिने सम्भावना हुन्छ । तसर्थ इच्छुक कृषकका लागि सामुदायिक बीउ बैंकले कुनै शर्त बमोजिम बीउ भण्डारणका लागि सुरक्षित स्थल उपलब्ध गराउँदा उपयुक्त हुन्छ । यसो गर्दा प्राकृतिक विपत्तिमा पनि बीउ उपलब्ध हुन्छ ।
३.२	बीउलाई पूजि सरह मानी कारोबार गर्ने	सामुदायिक बीउ बैंकले कृषकले उत्पादन गरेको बीउलाई पूजी मानी सो बाट अन्य आवश्यक बीउ वा स्थानीय उपज खरिद गर्न सक्ने व्यवस्था गर्न सकिन्छ ।

३.३ सामुदायिक बीउ बैंकले सञ्चालन गर्न सक्ने सहयोगी क्रियाकलापहरु

सामुदायिक बीउ बैंकले स्थानीय कृषि जैविक विविधताको संरक्षणको काम गर्दागर्दै सदस्यहरूको आर्थिक उन्नति लागि पनि कार्यहरू गर्नुपर्ने हुन्छ । सदस्यहरू आर्थिकरूपमा सबल रहेमा नै सामुदायिक बीउ बैंक, जैबिक विविधता प्रवर्द्धन जस्ता कार्यमा थप योगदान दिन सक्छन । यसका लागि सामुदायिक बीउ बैंकले प्रत्यक्ष वा अप्रत्यक्ष कार्यक्रमहरू विकास तथा कार्यान्वयन गर्नुपर्छ । यहाँ सहयोगी क्रियाकलापहरू भनिएता पनि यी कामहरूले त्यति नै महत्व राख्दछ । तालिका ३ मा सामुदायिक बीउ बैंकले सञ्चालन गर्ने वा गर्न सक्ने सहयोगी क्रियाकलापहरू उल्लेख गरिएको छ ।

तालिका ३: सामुदायिक बीउ बैंकले सञ्चालन गर्न सक्ने सहयोगी क्रियाकलापहरु

क्र.सं.	क्रियाकलाप	सञ्चालन प्रक्रिया
१	सदस्यहरुको आर्थिक अवस्था सुधारको लागि कोषको व्यवस्था तथा परिचालन	सामुदायिक बीउ बैंक सदस्यहरूले कृषि तथा गैर कृषि कार्यबाट आम्दानी वृद्धिका लागि पूँजी लगानीमा टेवा पुगोस भन्ने ध्येयकासाथ सामुदायिक बीउ बैंकहरूले जैविक विविधता व्यवस्थापन कोष (Community Biodiversity Management Fund) वा अन्य कुनै घुम्ती कोष वा सहुलियतपुर्ण ऋणको व्यवस्था गर्ने गरेको पाइन्छ । कोष परिचालनको लागि ऋणको सिमा, भाका, ऋण चलाउने कृषकको जैबिक विविधता व्यवस्थापनमा दायित्व, ब्याज आम्दानीको सदुपयोग जस्ता विषय समेटेर कोष परिचालन निर्देशिका बनाउनु पर्छ । यस्ता कोषको सहयोगबाट सदस्यहरूमा व्यवसायिक सोच उत्पन्न भइ कोषको प्रयोग गर्दै घरायसी आम्दानीको श्रोत विविधीकरण गर्दै थप आयआर्जन गर्न सफल भएका छन भने कोष प्रयोग गरिरहेका कृषक सदस्यहरूले कोष रकम चलाए वापत रैथाने बालीको संरक्षणमा पनि टेवा पुऱ्याइरहेका छन् । यस्तो कोष सञ्चालनको महत्व र प्रकृयाका बारेमा यस पुस्तिकाको २.१०मा विस्तृत व्याख्या गरिएको छ ।

क्र.सं.	क्रियाकलाप	सञ्चालन प्रक्रिया
२	सरोकारवाला निकायसँग समन्वयमा श्रोत जुटाइ सदस्यहरूको आर्थिक अवस्था सुधार, क्षमता अभिवृद्धि तथा कार्य बोझघटाउने किसिमका कार्यक्रम सञ्चालन गर्ने	सदस्यहरूलाई कोष परिचालन मात्र प्रयाप्त हुँदैन । उनीहरूलाई कोष सँगै शिप विकास मूलक तालिम, भ्रमण, भौतिक पुर्वाधार, औजार, बजार व्यवस्थापन जस्ता सहयोग आवश्यक पर्छ । स्थानीय तह, प्रदेश तथा संघ मातहतका विभिन्न कृषि अनुसन्धान तथा प्रसार निकायहरू तथा गैर सरकारी एव दातृ निकायहरूसँग प्रस्तावना तयार पारी परियोजना वा सहयोग माग गर्नुपर्छ । यी संस्थाहरूका वार्षिक कार्यक्रमहरूमा विभिन्न प्रकारका प्रस्तावना आव्हान हुनेहुँदा ती कार्यक्रममा प्रस्तावना तयार गरी सदस्यहरूलाई लक्षित कार्यक्रममा सहभागी गराउनुपर्छ । सक्षम सामुदायिक बीउ बैंकले सामाजिक उत्तरदायित्वकारूपमा आफै पनि सहयोगका कार्यक्रम तथा बीउ बिजन, कृषि औजार वितरण गर्न सकिन्छ । यसका लागि नाफाको निश्चित प्रतिशत छुट्याउनु पर्छ । यसरी जुटाइने श्रोतहरूबाट सदस्यहरूको आम्दानी वृद्धि, जलवायु समानुकुलन क्षमता वृद्धि तथा लैंगीक मैत्री कार्यक्रम सञ्चालन गर्नु पर्छ ।
३	बजार केन्द्रित स्थानीय वस्तु, खाद्यान्नको उत्पादन तथा बिक्रीवितरण	सामुदायिक बीउ बैंकले बीउको उत्पादन तथा बिक्रीको अलावा स्थानीय पहिचान बोकेका तथा उपभोक्ताको मागमा आधारित स्थानीय बालीका खाद्यान्न वस्तु उत्पादन तथा बिक्रीवितरण गर्ने गरिएको देख्न सकिन्छ । बालीका उपजको मूल्यश्रिङखला वृद्धि बाट राम्रो लाभ लिन सकिन्छ । यसैगरी कृषकहरूका स्थानीय शीपमा आधारित सामग्रीहरूको उत्पादन तथा बिक्री गर्नगराउन सकिन्छ । उत्पादन तथा बजार व्यवस्थापनको लागि सरोकारवाला निकायहरूको सहयोग लिनुपर्छ ।
४	विभिन्न मेला, प्रदर्शनी तथा चेतनामूलक कार्यक्रम	सामुदायिक बीउ बैंकहरूले कृषि जैविक विविधताका सवालमा जनस्तरमा चेतना वृद्धि गर्न, सरोकारवालाहरूसँग सम्बन्ध विस्तार तथा पैरवीकालागि विभिन्न मेला, प्रदर्शनी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिन्छ । सामुदायिक बीउ बैंकको नेतृत्वमा सरोकारवाला संस्थाहरूलाई सहभागी गराइ सञ्चालन गर्न सकिने केही कार्यक्रमहरू निम्नानुसार छन् । • कृषि जैविक विविधता प्रदर्शनी मेला • बीउ साटा-साट कार्यक्रम • स्थानीय उत्पादन तथा खाद्यमेला यसरी प्रदर्शनी आयोजना गर्दा सरोकारवाहरूलाई समेटेर एउटा आयोजक समिति गठन गर्ने र त्यस स्थानमा रहेका कृषक समूह तथा स्थानीय संस्थाहरूलाई सहभागिताको लागि अनुरोध पठाउनु पर्दछ । यसलाई प्रतियोगिताको रूपमा बढी विविधता ल्याउने समूहलाई पुरस्कारको व्यवस्था गर्नुपर्छ ताकी बढि भन्दा बढी विविधता जुटाइ कार्यक्रममा अवलोकन तथा अभिलेख र संकलन गर्न सकियोस ।
५	स्थानीय बालीका रैथाने जात दर्ता तथा श्रोत बीउ व्यवस्थापन	सामुदायिक बीउ बैंक मार्फत स्थानीय स्तरमा लोकप्रिय, व्यापारिक सम्भावना भएका एबं स्थानीय परिवेशसंग महत्व राख्ने रैथाने बालीका जात दर्ता गर्न सक्दछन ।

३.४ सामुदायिक बीउ बैंक मार्फत सञ्चालन गर्न नहुने कार्यहरु

सामुदायिक बीउ बैंकले आफ्नो लक्ष्य र उद्देश्यमा रही स्थानीय कृषि जैविक विविधता र कृषकहरुको हितलाई प्राथमिकतामा राखेर काम गर्नुपदर्छ। यो एउटा सामुदायिक हितको लागि स्थापीत सस्था भएकाले यसका नैतिक जिम्मेवारी पनि हुने गर्दछन्। सबै पदाधिकारी तथा सदस्यले आफ्नो भूमिका, जिम्मेवारी इमानदारिताका साथ निभाउनु अनिवार्यछ। सामुदायिक बीउ बैंक मार्फत सञ्चालन गर्न नहुने कार्यहरूलाई निम्न बुदाँमा व्याख्या गरिएको छ।

क) स्थानीय जैविक स्रोतहरुको गैर-कानुनी प्रयोग वा हानी हुनेखालका कार्यहरु: नेपालको कानुन अनुसार कुनै पनि अनुवांशीक स्रोत/बीउ/बाली/बानस्पतिक अंश सम्बन्धित निकायको जानकारी र अनुमति बिना कुनै देश बाहिर पठाउन पाइदैन। देश भित्र, पनि अनुसन्धान तथा प्रसार प्रयोजनमा आदानप्रदान गर्दा सप्रमाण दुरूपयोग नगर्ने-नगराउने सर्तमा गर्नु पर्छ। त्यसैले सामुदायिक बीउ बैंकमा संकलित सूचना तथा बीउहरुको पूर्ण सुरक्षाको जिम्मेवारी सामुदायिक बीउ बैंकले गर्नु पर्दछ। आर्थिक स्रोतको लालचमा वा उपहार स्वरूप बिदेशी नागरीक वा बिदेशी संघ-संस्थाहरुलाई कुनै पनि किसिमका बीउ बिजन उपलब्ध गराउनु हुदैन।

त्यसैगरि सामुदायिक बीउ बैंकले हाईब्रिड बीउको कारोबार गर्नु हुदैन। जति सुकै माग भए पनि वा फाइदाहुने भए पनि आफ्नो बीउ सहयोग/वितरणका कार्यक्रममा हाईब्रिड/विदेश बाट आयातगरिएका बीउबिजनहरु समावेस गर्नु हुदैन। व्यवसायिकताका नाममा एकल बाली वा एकल जातीय खेति प्रोत्साहन गर्नु हुदैन भने स्थानीय बाली/जातहरुको उपयोगिता घट्ने खालका कार्यहरु गर्नु हुदैन।

ख) गुणस्तरमा समझौता गरी मुनाफा केन्द्रित बीउ उत्पादनका कार्यहरू: बीउको विषय स्थानीय स्तरमा सामन्य लागेता पनि यो अत्यन्त संवेदनशील विषय हो। व्यवसायिक रुपमा बीउको कारोबार गर्दा सानो लापरवाहीका कारण बीउको गुणस्तरमा कमीआई कृषकहरुलाई ठुलो क्षति पुगेका उदाहरण प्रसस्तै छन। तसर्थ, उन्नत बीउ लगाएत स्थानीय र रैथाने बाली तथा जातका बीउबिजनका हकमा समेत कुनै पनि कुरालाई सानो ठानेर अवमुल्यन गर्नहुदैँन, विशेष गरि बीउमा गुणस्तर कायम गर्ने विषयमा। अधिक लाभका लागि मिश्रित बीउ, कम गुणस्तरभएका बीउ, रोगलागेका वा किराले खाएका बीउ, अन्यत्रबाट आएका/ल्याएका अपरिचित बीउहरुको बिक्री-वितरण गर्नुहुदैन।

ग) व्यक्ती विशेषको स्वार्थ/ सिमित क्षेत्र/वर्गलाई मात्र फाईदाहुने खालाका कामहरु: सामुदायिक संस्था भएका नाताले सामुदायिक बीउ बैंकले आफ्नो समुदायमा कुनै पनि किसिमको पक्षपात र पुर्वाग्राही सोच राख्नु वा त्यस अनुरुप कार्य सञ्चालन गर्नु हुदैन।पदीय दुरुपयोग, भौतिक स्रोत साधनको दुरुपयोग, आर्थिक स्रोतको मनोमानी वा अनैतिक प्रयोग लगाएत संस्थालाई भौतिक, आर्थिक वा सामाजिक रुपले हानी हुने कुनै पनि किसिमका क्रियाकलापहरु गर्नु हुदैन।त्यसैगरि, राजनैतिक प्रचार-प्रसार, दलीय समर्थन वा प्रत्यक्ष रुपमा कुनै पनि किसिमको राजनीतिक क्रियाकालपमा संलग्न हुनु हुदैन।

४. दिगो सामुदायिक बीउ बैंक सञ्चालनका आधारहरु

सामुदायिक बीउ बैंक स्थापनासगैँ यसको दिर्घकालिन सञ्चालनका विषयमा बिशेष ध्यान दिनु पर्द्छ। यसले समय, श्रोत, साधन र ज्ञानको सदुपयोग हुन्छ अन्यथा सम्पूर्ण लगानी व्यर्थ जान सक्छ। यसको लागि योजनाबद्द लगानी तथा निरन्तर अनुगमन, सहकार्य र सहयोगको आवश्यकता पर्दछ। सामुदायिक बीउ बैंकलाई दिगो रुपमा सञ्चालन गर्न ध्यान दिनु पर्ने मुख्य विषयगत क्षेत्रहरु तल व्याख्या गरिएको छ।

४.१ संस्थागत सुशासन तथा क्षमता विकास

कुनै पनि संस्था दिगोरूपमा सञ्चालनको लागि संस्थागत सुशासन अपरिहार्य हुन्छ। संस्था सञ्चालनका लागि सबै सदस्यहरूको बिचमा नियमित रूपमा पर्याप्त छलफल गर्ने वातावरणले एकआपसमा समझदारी विकास भइ संस्था सञ्चालन सहज बन्छ। संस्था सञ्चालनको लागि व्यक्तिगत रूपमा भन्दा पनि संस्थागतरूपमा सञ्चालन गर्नका लागि आवश्यक रणनीति, नियमावली, कार्यविधि र योजनाहरू निर्माण तथा कार्यान्वियन गरेर अगाडी बढ्दा संस्थामा प्रणाली विकास भइ दिगो स्वरुप दिन सकिन्छ। दिगो व्यवस्थापनका लागि आर्थिक तथा प्रशासनिक नियमावली, कर्मचारी नियमावली, श्रोत परिचालन नियमावली, सामुदायिक बीउ बैंक सञ्चालन निर्देशिका जस्ता आवश्यक नीति, नियमावलीहरू निर्माण गरेर सामुदायिक बीउ बैंकको नियमित तथा अपरिहार्य कृयाकलापहरू सहजताको साथ स्वचालित ढंगमा सञ्चालन गर्न सकिन्छ। यस्ता दस्तावेजको आवश्यकता अनुसार सर्बसम्मतीमा संशोधन तथा परिमार्जन गर्न सकिन्छ। संस्थाको यस्ता दस्तावेजको निर्माण तथा संशोधन गर्दा संघ, प्रदेश तथा स्थानीय सरकारका कानुनी व्यवस्थासँग मिल्ने हुनपर्दछ। संस्थाको नीति र नियमको परिधीमा रहेर सबै सदस्यहरूमा यथोचित कामको जिम्वेवारी बाँडफाँड गर्नुपर्दछ। संस्थाको लेखा प्रणाली चुस्त दुरूस्त राख्ने तथा नियमित बैठकहरूमा हरहिसाब प्रस्तुत गर्ने, वार्षिक लेखा परीक्षण गरेर साधारण सभामा प्रस्तुत गर्ने र सदस्यहरूबाट आएका रचनात्मक सुझावको अनुसरणा गर्नाले संस्थाको प्रगती हुँदै जान्छ भने सुशासनमा अभ्यस्त भइन्छ। समय समयमा जिम्मेवार पदाधिकारी तथा सदस्यहरूले संस्थाको नगद तथा जिन्सी मौज्दात, रूजु गर्नुपर्दछ। संस्थामा उचित पुरस्कार तथा दण्डको व्यवस्था गर्नुपर्दछ। राम्रा कार्य गर्नेलाई प्रोत्साहन तथा यदाकदा आफ्नो जिम्मवेवारी तथा अधिकारको दुरूपयोग गरेको पाइएमा सजाएको व्यवस्था सम्बिन्धत नियमावलीमा व्यवस्था गर्नु पर्दछ। संस्थाको कुनैपनि निर्णय सकेसम्म सर्बसम्मतीमा गर्ने परिपाटीको विकास गर्नुपर्छ। सर्वसम्मतिको अवस्था नरहेमा पनि फरक मत राख्नेहरूलाई उचित स्थान दिने परिपाटीले संस्थालाई एकता र अक्षुण्ण राख्न मद्दत गर्छ।

संस्थामा सुशासनको लागि दस्तावेजहरूको व्यवस्था एउटा पाटोहो भने अर्कोपाटो भनेको तिनीहरूको समुचित कार्यान्वयन हो। सफल कार्यान्वयन सम्बन्धित पदाधिकारी, सदस्य तथा कृषकहरूको क्षमतामा निर्भर हुन्छ। जतिनै राम्रो प्रणालीको व्यवस्था गरिएपनि त्यससंग सम्बिन्धत दक्षता विकासमा ध्यान दिन सकिएन भने दिगोपना केवल कल्पना मात्र हुन जान्छ। तसर्थ संस्था सञ्चालन, नीति निर्माण, प्राविधिक क्षमता विकास इत्यादिका लागि तालिम, भ्रमण, विज्ञसँग छलफल, स्वमुल्यांकन जस्ता कार्यक्रम फलदायी हुन्छ। सामुदायिक बीउ बैंकको सवालमा अनुभवबाट श्रृजित ज्ञान र शिप, आवधिक मुल्यांकन र विज्ञसँगको परामर्शबाट आफ्ना नीति नियम तथा योजनामा परिमार्जन गर्दै जाँदा थप सशक्त ढंगमा अगाडी बढाउन सकिन्छ।

४.२ उपलब्ध स्रोतहरुको समुचित परिचालन

सामुदायिक बीउ बैंकलाई दिगो रूपमा सञ्चालन गर्ने आधार उपलब्ध श्रोत र साधनको समुचित परिचालन हो। सामुदायिक बीउ बैंकले उपलब्ध श्रोतको पहिचान गरेर त्यसको सहि सदुपयोग गर्दै गएमा प्राविधिक तथा आर्थिक रूपमा सबल हुनसक्छ। सामुदायिक बीउ बैंकमा रहेको मानवीय श्रोतमा रहेको ज्ञान र शिप सामुदीयक बीउ बैंकको दिगो सञ्चालन को मेरूदण्ड हो। मानवीय श्रोतको क्षमता विकासको लागि गरिएको लगानीले यसलाई दीर्घकालिन सञ्चालनको प्रारूप तयार पार्दछ। त्यसैगरी बीउ संरक्षण तथा व्यवसायको लागि व्यवस्था गरिएको कृषकहरूको बचत होस वा स्वःलगानी र संघसंस्थाको सहयोगमा स्थापित कोषहरूको योजनाबद्द ढंगमा प्रयोग गर्नसके आम्दानी र कोष रकम वृद्धि हुँदै जान्छ भने वृद्धि हुँदै गएको कोष रकम वा संस्थाको पूँजीले थप लगानी तथा अम्दानी बढ्छ। यसरी नै संस्थाको स्थायित्व सम्भव हुन्छ। संस्थाले आवश्यक भौतिक पूर्वाधार तथा औजारहरूमा लगानी गर्दै श्रोत व्यवस्थापनलाई मजबुत बनाउन सकिन्छ।भौतिक सम्पत्ती तथा संरचनाहरूको विकासले संस्थालाई बलियो बनाउँछ भने भविश्यमा कार्यगर्ने अवसर श्रृजना गर्छ। संस्थाको पदाधिकारी र सदस्यहरूले विषय विज्ञको सहयोगमा सहि निर्णय लिएर श्रोतको समुचित परिचालन मार्फत नयाँ अवसरहरूको सृजना तथा दिगोपनको बलियो आधार तयार पार्न सक्छ। श्रोतहरूको प्रयोगमा पारदर्शीता अपनाउँदा सदस्य, समुदाय र सरोकारवालामा बिश्वास वृद्धि हुन गइ थप श्रोत जुटाउन तथा व्यवस्थापन गर्न सकिन्छ।

४.३ बीउ तथा स्थानीय कृषि उपजहरुको व्यवसायिक उत्पादन तथा बजारीकरण

सामुदायिक बीउ बैंकको जीवन चक्र बीउको वरीपरी नै घुमिरहेको हुन्छ। सामुदायिक बीउ बैंकले बजारको माग बमोजिम बीउहरूको व्यवसायिक उत्पादन तथा बजारीकरण गरेर आएको आम्दानीले संस्था सञ्चालन तथा कम प्रयोग हुने र लोपोन्मुख बालीको संरक्षणामा कार्य गर्न सहज भएको पाइएको छ। बजारको माग र मूल्य तथा कृषकहरूको रूचीको आधारमा सामुदायिक बीउ बैंकले विज्ञ तथा सहयोगी संस्थाको सहायतामा रैथाने तथा स्थानीय र उन्नत बीउहरूको बहु बर्षिय व्यवसायिक योजना निर्माण गर्नुपर्दछ। निर्मित योजना अनुसार नै मानवीय तथा आर्थिक श्रोत परिचालन गर्नुपर्छ। बजारको व्यस्थापनको लागि सदस्यहरूको सक्रियता बजारको अध्ययन र सम्बन्ध विस्तारलाई निरन्तर प्राथमिकता दिइरहनु पर्छ। सामुदायिक बीउ बैंक कृषक हितको लागि स्थापित संस्था भएको नाताले कृषक सदस्यहरूमा बीउ बिक्री गर्दा बजारमा चलिरहेको मूल्यभन्दा सहुलियतदरमा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्छ। उत्पादित वस्तुको गुणस्तरमा कुनै कमी आउँन नदिन अनुगमन तथा बीउ उत्पादक कृषकको क्षमता अभिवृद्धिमा पनि लगानी गर्नुपर्छ। सदस्यहरूमा व्यवसाय सञ्चालन सम्बन्धी तालिम भ्रमण र छलफलको व्यवस्था गरिनुपर्छ।

सामुदायिक बीउ बैंकले दिने सेवालाई अझ परिमार्जित गर्दै स्थानीय बालीका बेर्ना उत्पादन तथा बालीको उपभोग्य खाद्यान्न पदार्थ प्रशोधन तथा बिक्री वितरणको सेवा विस्तार गर्न सकिन्छ। स्थानीय बाली र यसको पौष्टिक महत्वको बारेमा चेतना वृद्धिका कारण यस्ता उपभोग्य वस्तुले राम्रै अवसर सृजना गर्ने छन् भने यसबाट स्थानीय बालीको क्षेत्रफल विस्तार हुने तथा बीउ र खाद्यान्न दुवैको माग बढ्दछ। प्रतिस्पर्धी बजारिकरणको लागि लेबलीङ, प्याकेजिङ, प्रचार प्रसार जस्ता कुरामा ध्यान दिनुपर्छ। कुनै पनि व्यवसायको लागी माग र आपुर्तीको श्रृंखला महत्वपुर्ण हुनेहुँदा समिति तथा सदस्यहरूमा यसको सुझबुझको लागि सरोकारवाला संस्थाले अहम भूमिका निर्वाह गर्न सक्छ। यस्ता व्यवसायिक उत्पादन तथा बजारिकरणका कृयाकलापहरूबाट सामुदायिक बीउ बैंक आर्थिक रूपमा सबल हुनुका साथै सम्बन्ध विस्तार, क्षमता अभिवृद्धि हुन गइ दिगोरूपमा सञ्चालनको आधार तयार हुनेछ। अस्वस्थ व्यवसायिक प्रतिस्पर्धा देखी टाढै बस्नु पर्छ भने रैथाने तथा स्थानीय

बाली संरक्षण र कृषि जैविक विविधता प्रबर्द्धन जस्ता सामुदायिक बीउ बैंकका मुल्यहरू लाई सधैँ सम्झिरहनु पर्छ। व्यसायबाट भएको आयआर्जनबाट यस्ता कार्यको श्रोत व्यवस्थापन तथा विस्तार गरिनुपर्छ।

४.४ सम्बन्ध विस्तार, समन्वय तथा सहकार्य

सामुदायिक बीउ बैंकको दिगोपनको आधारको रूपमा संस्थागत सुशासन तथा क्षमता विकास, उपलब्ध स्रोतहरुको समुचित परिचालन र व्यवसायिक उत्पादन तथा बजारीकरणको बारेमा माथि चर्चा गरिसकिएको छ। यी सबै आधारहरूमा अवसर, समस्या र चुनौतीहरू हुन्छन् जसलाई सामना गर्नका लागि सामुदायिक बीउ बैंकलाई विज्ञ, अनुसन्धानकर्ता, बीउ कम्पनी सरोकारवाला सरकारी, गैरसरकारी सहयोगी निकायहरूको साथ आवश्यक पर्छ। यस्ता सहयोगकर्ताहरूको सहयोगमा सामुदायिक बीउ बैंकले बीउ बैंक सञ्चालन आर्थिक तथा प्रशासनिक क्षमता तथा प्राविधिक क्षमता बढाउन, भौतिक सम्पत्ती र संरचना विकास, नयाँ नयाँ प्रविधिको ज्ञान तथा शीप, विभिन्न निकायसँगको सहकार्यका लागि प्रस्तावना तयार गर्न सकिन्छ। उत्पादित वस्तुको बजारलाई सम्बन्ध तथा समन्वयका माध्यमबाट विस्तार गर्न सकिन्छ। रैथाने तथा स्थानीय बाली र जात एवं जैविक सम्पदाका बारेमा ज्ञान प्रबर्द्धनका लागि सरोकारवाला संस्थाहरूसँग सहकार्य गर्दै विविधता प्रदर्शनी, बीउ साटासाट, सहभागितामूलक बाली प्रजनन जस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ। उपलब्ध अवसरहरूको उपभोग गर्दै, समस्या र चुनौतीसँग जुध्न सक्ने संस्था नै दिगोरूपमा सञ्चालनको क्षमता राख्दछ। तसर्थ सामुदायिक बीउ बैंकको दिगो भविश्यकालागि सम्बन्ध विस्तार, समन्वय तथा सहकार्यमा जोड दिनुपर्छ। सामुदायिक बीउ बैंकले सम्बन्ध विस्तार, समन्वय तथा सहकार्य गर्नसक्ने केही संस्थाहरूको बारेमा खण्ड ३.१ को सरोकारवाला निकायहरु संग समन्वय र सहकार्य शिर्षकमा हेर्न सकिन्छ।

५. सामुदायिक बीउ बैंक सुदृढिकरण प्रक्रिया

नेपालमा स्थापना भएका विभिन्न सामुदायिक बीउ बैंकहरु केही वर्ष पछि निष्क्रिय वा सुसुप्त भएका उदाहरणहरु थुप्रै छन्। विशेष गरि वाह्य सहयोगबाट पूर्वाधारमा अधिकतम र सामाजिक विकास तथा परिचालनमा न्यून लगानी भइ स्थापना भएका धेरै जसो बीउ बैंकहरु सुसुप्त वा निस्क्रिय रहेका छन्। त्यस्तैगरि, सञ्चालनमा रहेका केही बीउ बैंकहरु स्थापना हुदाका अवधारणा र उद्देश्यहरु भन्दा भिन्नै कार्य वा गतिविधि गरेको पनि पाइएको छ। नेपाली परिवेशमा, सामुदायिक बीउ बैंकहरु निस्क्रिय वा सुसुप्त हुनुमा मुख्य गरी कुशल नेतृत्वको कमी र सञ्चालनमा आर्थिक अभाव वा अपचलन कारक रहेका छन्। प्राविधिक क्षमताको कमी, आन्तरिक कलह, स्रोत-साधनको दुरुपयोग तथा अन्य सामाजिक तथा राजनैतिक कारणहरुले पनि बीउ बैंकहरु बन्द हुने वा सुसुप्त अवस्थामा पुग्ने गरेको अवस्था छ। ठुलो स्रोत, साधन र समयको लगानी भएको सामुदायिक बीउ बैंक सञ्चालन हुन नसक्नु, क्षमता अनुसार सञ्चालित नहुनु वा सुसुप्त हुनु कुनै अर्थमा पनि ठिक हैन। त्यसैले त्यस्तो अवस्थामा पुगेका सामुदायिक बीउ बैंकहरुको अवस्था विश्लेषण र समुदायको चासो र प्रतिबद्धतालाई मुल्यांकन गरि पुन: सञ्चालन गर्न सकिन्छ। साथै, सञ्चालनमा भई राखेका बीउ बैंकहरुको पनि अवस्था विश्लेषण गरी अवस्था सुधार गर्दै जानु अति आवश्यक हुन्छ। सामान्यतया, एउटा बीउ बैंकले ३-४ वर्षको अन्तरालमा आफ्ना गतिविधिहरु र उद्देश्यहरुको बृहत विश्लेषण, पुनरावलोकन गर्न र आवश्यक परेमा संशोधन गर्न पर्दछ। विश्लेषण तथा पुनरावलोकनका क्रममा पहिचान भएका कमी कमजोरीहरु, समस्याहरु लगाएत व्यवस्थापकीय असमझदारीहरुको समाधानका उपायहरु समेटर सुदृढिकरणको योजना बनाउनु पर्दछ। यस प्रक्रियामा सामुदायिक बीउ बैंकका क्षेत्रमा अनुभव भएका जानकार व्यक्तिहरु, सरोकारवाला निकायका प्रतिनिधि, बीउ बैंक सञ्चालन समिति तथा सदस्य लगाएत स्थानीय अगुवा व्यक्तित्वहरुको सहभागिता हुनु पर्दछ ताकि सबैको चित्त बुझ्ने निर्णय तथा कार्यान्वयन गर्न सकिने योजना विकास गर्न सकिन्छ।

५.१ अवस्था विश्लेषण तथा सुदृढिकरणका उपायहरु

सामुदायिक बीउ बैंक सञ्चालनको अवस्था वा समस्याहरु के छन् भन्ने कुरा सामुहिक छलफल, पदाधिकारीहरु संगको कुराकानी, प्रत्यक्ष अवलोकन, दस्तावेजहरुको अध्ययन तथा व्यवस्थापनको अवस्थाबाट थाहा पाउन सकिन्छ। त्यस्तै विभिन्न सहभागिता मूलक विश्लेषण विधिहरुको प्रयोग मार्फत अवस्था विश्लेषण, मुख्य समस्याहरु र तिनका निवारणका उपायहरु पहिचान गर्न सकिन्छ। सामुदायिक बीउ बैंक वा बीउ बैंक सञ्चालन गर्ने संस्थाको वर्तमान अवस्थाका सामर्थ्य, समस्या, अवसर र चुनौतीहरुका बारे विश्लेषण गर्न SWOT Analysis (अनुसूची ११) को अभ्यासबाट धेरै हदसम्म थाहा पाउन सकिन्छ। त्यस्तै सामुदायिक बीउ बैंक सञ्चालनमा आईपरेका समस्याहरुको सूची तयार गरि अनुसूची १२ मा उल्लेखित ढांचामा स्तरीकरण गर्न सकिन्छ। स्तरीकरण गर्नाले कुन कुन समस्याहरु मुख्य रहेछन भन्ने पहिचान हुनका साथै कुन-कुन समस्याहरुलाई कति प्राथमिकता दिने, कति स्रोत परिचालन गर्ने भन्ने बारे निर्णय गर्न सजिलो पर्दछ। संस्थागत अवस्था, अवसर र चुनौतीका साथै बर्तमान समस्याहरुको पहिचान भए पछी समस्या तथा कमजोरीहरु निवारण गर्न के-के गर्न सकिन्छ भन्ने विषयमा बृहत छलफल गर्नु पर्दछ। पहिचान भएका समस्या, कमजोरी तथा चुनौतीहरुलाई तालिका ४ मा जस्तो विषयगत तवरले बर्गिकरण गरि के-कस्ता पहलहरु गर्नु पर्ने हो भनि छलफल मार्फत निर्क्योल गर्नु पर्दछ। के के सुधार गर्ने? र

कसरि गर्ने? भनेर छोटकरीमा तालिकामा टिपोट गरे पछी अनुसूची १३ मा उल्लेख गरिएको योजनाको ढांचा अनुसार सामुदायिक बीउ बैंक सुदृढिकरणको विस्तृत योजना बनाउनु पर्दछ। विस्तृत योजनामा के के कामहरु, कसरी र कहाँबाट स्रोतहरु जुटाएर, कस्को सहयोगमा, कस्को नेतृत्वमा र कति समय सिमा भित्र सम्पन्न गर्ने भनेर किटान गर्नु पर्दछ। यसरी विकास गरिएको सुदृढिकरण योजना कार्यान्वयनको जिम्मेवारी सामुदायिक बीउ बैंक सञ्चालन समिति तथा बीउ बैंक सञ्चालन गर्ने संस्थाको कार्यसमितिले गर्ने गरि सहमति गर्नु पर्दछ। एकपटक सुस्ताएको संस्थालाई सुधार गर्नु वा जगाउनु गार्हो हुने हुँदा यसका लागि धैर्य र लगाव आवश्यक पर्छ।

तालिका ४: सामुदायिक बीउ बैंक सुदृढिकरणको योजना बनाउदा समेट्नु पर्ने विषयगत क्षेत्रहरु

क्र.सं.	विषयगत पक्षहरु	सुधारका लागि गर्नुपर्ने पहल तथा प्रक्रिया
१	संस्थागत सुधार तथा व्यवस्थापन क्षमता अभिवृद्धिमा सहयोग	१) पदाधिकारीहरुको पुर्नगठन, क्षमताविकास, अभिमुखीकरण, तालिम, भ्रमण २) संस्था/बीउ बैंकलाई आवश्यक नीति, नियम, नियमावली र कार्यविधिको निर्माण तथा कार्यान्वयन ३) कानुनी वैधानिकता, संस्था नविकरण, सम्बन्धित निकायमा दर्ता/अनुमति लिने
२	सामुदयिक बीउ बैंक सञ्चालनका प्राविधिक पक्ष सुधार	१) कृषि जैविक विविधता पहिचान र संरक्षणको क्षेत्र: २) गुणस्तरीय बीउ उत्पादन तथा प्रमाणिकरणको क्षेत्र: ३) बीउ व्यवस्थापन तथा भण्डारणको क्षेत्र:
३	आवश्यक स्रोतहरुको व्यवस्थापन	सामुदायिक बीउ बैंकमा रहेको १) आर्थिक, २) भौतिक र ३) मानवीय स्रोतहरूको अवस्था पहिचान गर्ने। यसपूर्व लिनेदिने केही भए लिनेदिनको लागि पहल गर्ने। आवश्यक श्रोतको व्यवस्थापनको योजना निर्माण तथा सम्बन्धित निकायसँग सहयोग माग गर्ने।
४	संस्थागत सम्बन्ध तथा सहकार्य विस्तार	संबन्ध तथा सहकार्य गर्न सकिने सरकारी, गैरसरकारी तथा बीउ निजी कम्पनी, एग्रोभेटहरूको सुचि तयार गर्ने। उनीहरूसँग कायम राख्न सकिने सम्बन्ध तथा सहकार्यहरू पहिचान गरेर सम्पर्कमा रहिरहने।
५	बीउ तथा स्थानीय उत्पादनको व्यवसाय विकास	संस्थाको कृयाकलापहरू नियमित ढंगमा सञ्चालन गर्ने तथा दिगो व्यवस्थापनको लागि बीउ तथा स्थानीय उत्पादनको व्यवसाय प्रारम्भ गर्ने। यसका लागि सम्भावित बाली तथा उत्पादन पहिचान र बजार बिश्लेषण महत्वपूर्ण हुन्छ।
६	उपलब्ध पूँजी / कोषहरुको परिचालन	उपलब्ध पूँजी तथा कोषको परिचालन स्थिति पहिचान गर्ने र यसलाई व्यविस्थत र पारदर्शी ढंगमा चलाउने।

५.२ सामुदायिक बीउ बैंक सुदृढिकरणमा संलग्न गर्न सकिने थप क्षेत्र तथा विषयहरु

- स्थानीय तथा रैथाने जात/ उपज वा उत्पादनमा मुल्य / गुण थप्ने
- सामुदायिक बीउ बैंकको दायरा वा क्षेत्र बढाउने
  क. कृषि आनुवंशिक स्रोतहरु (६ वटा अंग र ४ वटा उप-अंग)
  जग्गाको क्षेत्र : सार्बजनिक क्षेत्र/ स्थल, भवन, कार्यलय, सामुदायिक क्षेत्र
- पर्या-पर्यटनसंग जोड्ने
- सचेतना तथा कृषकको क्षमता अभिवृद्धि कार्यहरु गर्ने
- आफ्नो पनलाई अधिकार लिई बजारीकरण गर्ने (भौगोलिक संकेत चिन्न, ब्रान्ड समेत संलग्न गरी)
- आर्थिक हिसाबले बढी महत्व भएको क्षेत्र विस्तार गर्ने र आर्थिक रुपमा संरक्षणमा कठिन तथा कम सम्भावना भएका बाली तथा जातहरु राष्ट्रिय जिन बैंकमा वा सम्बन्धीत सरकारी अनुसन्धान केन्द्रमा पठाउने
- प्रचार- प्रसार गर्न विभिन्न उपायहरु गर्ने (अन लाइन, सामाजिक संजाल, विभिन्न सरकारी तथा गैर सरकारी कार्यक्रमहरु)
- हरेक क्षेत्र/ तह/ ठाउँमा स्थानीय तथा रैथाने जात/ उपजलाई बिशेष महत्व दिने व्यवस्था गर्ने

६. सामुदायिक बीउ बैंकको सफलताका सूचकहरु

कुनै पनि सामुदायिक बीउ बैंक सुचारु छ/छैन वा सफलतापूर्वक सञ्चालित छ कि छैन भन्ने कुरा नियमित रुपमा अनुगमन गर्नु आवश्यक हुन्छ। सामुदायिक बीउ बैंक सञ्चालन एउटा क्रियाकलाप नभई एक एककृत प्रक्रिया भएको हुनाले यसका धेरै पाटाहरुको अवस्था विश्लेषण गरेरमात्र यसको अवस्थाका बारे केही निचोड निकाल्न सकिन्छ।संस्थागत व्यवस्था देखि लिएर प्राविधिक, भौतिक, आर्थिक र सामाजिक पाटाहरुको अवस्थाले उक्त बीउ बैंक कतिको सफल र चलायमान छ भनेर आँकलन गर्न सकिन्छ। श्रेष्ठ पीताम्बर (२०७५) का अनुसार सफल सामुदायिक बीउ बैंक सञ्चालनका प्रमुख १० सूचकहरु छन्। उक्त १० सूचकहरु लगाएत अन्य थप सूचकहरुको विवरण निम्नानुसार छन्;

१) वैधानिकता प्राप्त संस्था द्वारा प्रचलित कानुन बमोजिम सबल नेतृत्व, सुशासन र पारदर्शिता मार्फत प्रकृयागत रुपमा सञ्चालित हुने परिपाटी भएको;

२) सम्पूर्ण सदस्यहरुको उपस्थितिमा नियमित मासिक बैठक बस्ने, छलफल हुने र निर्णयहरु लिपिबद्ध गर्ने चलन विकास भएको;

३) जनचेतनामूलक र क्षमता विकासका कार्यक्रम निरन्तर सञ्चालन गरेको र सम्पूर्ण सदस्यहरुले सामुदायिक बीउ बैंक सञ्चालन गर्नाको उद्देश्य बुझेका, सदस्यहरु बीचमा काम तथा जिम्मेवारी बाडफाड भएको र त्यसै अनुरुप भूमिका निर्वाह गर्ने परिपाटी बसेको;

४) नियमित मासिक बचत तथा ऋण लगानीको व्यवस्था गरी सदस्यहरुको जीविकोपार्जन सुधार एबम आयआर्जनमा वृद्धिमा परिचालन गर्ने गरिएको;

५) संस्थाको आम्दानी, खर्च, चलअचल सम्पत्तिको पूर्ण हिसाब तथा विवरण चुस्तदुरुस्त राख्ने गरिएको,

६) स्थानीय जैविक विविधता संरक्षणका लागि बीउहरुको नमुना संकलन, नियमित बीउ उत्पादन तथा सुचनाहरुको लेखाजोखा राखिएको/हुने गरेको;

७) स्थानीय तथा उन्नत जताका बीउबिजनहरुको नियमित उत्पादन, भण्डारण तथा बिक्रीवितरणको व्यवस्था हुनुका साथै सम्पूर्ण विवरणहरु चुस्तदुरुस्त राख्ने गरिएको,

८) संस्थामा समान व्यवहार, सहभागीमूलक समावेसी उपस्थिति हुनुका साथै सबै सदस्यहरुको क्षमता विकासमा ध्यान दिने जिम्मेवार नेतृत्व भएको

९) सामुदायिक बीउ बैंकको वार्षिक कार्ययोजना, बीउ उत्पादन योजना तथा अनुमानित बजेट तयार गरिएको, वार्षिक रुपमा लेखापरिक्षण गराई आर्थिक तथा प्राविधिक प्रगति प्रतिवेदन तयार गर्ने, साधारणसभाबाट पारित गर्ने परिपाटी बसेको;

१०) सदस्यहरुको जीविकोपार्जन सुधारका लागि कृषि जैविक विविधतामा आधारित आयमूलक क्रियाकलापहरु सञ्चालन भएको, आर्थिक स्थिति सबलीकरणका लागि नियमित आर्थिक स्रोतको व्यवस्था भएको

११) सामुदायिक बीउ बैंक सञ्चालनका लागि आवश्यक भौतिक स्रोत साधन तथा पूर्वाधारहरु भएको वा क्रमिक रुपमा विकास हुने क्रममा रहेको;

१२) स्थान विशेष बाली, जात वा कुनै रैथाने कृषि उपज उत्पादन र बजारिकरण मार्फत पहिचान बनाएको

१३) संस्थाको उदेश्यसंग मेल खाने स्थानीय तह, जिल्ला तह, प्रदेश तथा राष्ट्रिय तहका सरकारी निकायहरु, विभिन्न गैर-सरकारी निकाय, बीउ कम्पनि तथा व्यवसायीहरु संग समन्वय तथा सहकार्य भएको।

७. सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनका लागि नीतिगत व्यवस्था र विभिन्न निकायको भूमिका

७.१ राष्ट्रिय स्तरमा हालसम्म भएका नीतिगत व्यवस्थाहरु

नेपालको संविधानमा सामाजिक न्यायको अधिकार अन्तर्गत कृषकलाई स्थानीय बाली र जातको छनौट र संरक्षणको अधिकार सुनिश्चित गरिएको छ। नेपालमा बीउ विजनको उत्पादन, प्रशोधन, उपभोग र कारोबारलाई व्यवस्थित गर्न बीउ विजन ऐन, २०४५ (पहिलो संशोधन २०६४) र बीउ बिजन नियमावली, २०६९ लागु गरिएको छ। त्यस्तै राष्ट्रिय बीउ बिजन नीति २०५६ र बीउ बिजनको दीर्घकालिन राष्ट्रिय सोच (सन् २०१३- २०२५) ले समुदाय वा कृषक समुह /सहकारीलाई केन्द्रमा राखेर बीउ र बीउजन्य सामग्रीहरुमा पहुँच बढाउने तथा कृषि जैविक विविधताको संरक्षण र दीगो उपयोगबाट स्थानीय बीउको सुरक्षा एवं प्रवर्द्धन गर्ने उद्देश्य राखेको देखिन्छ। सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनमा सहयोग कार्यान्वयनको विषय प्राथमिकतामा नदेखिएको भएपनि लोपोन्मुख रैथाने वा स्थानीय बाली तथा जातहरुको संरक्षणका लागि नीतिहरुमा सामुदायिक बीउ बैंकलाई महत्वपूर्ण अंगको रुपमा स्वीकार गरिएको छ। साथै खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ मा पनि स्थानीय बीउ विजन र कृषि प्रजातिको छनौट र त्यसको बौद्धिक सम्पत्तीको संरक्षण प्राप्ति लाई सुनिश्चित गरिएको छ र यसमा सामुदायिक बीउ बैंकको महत्वपूर्ण भूमिका हुन सक्छ।

कृषि जैविक विविधता नीति २०६३ (पहिलो संशोधन २०७१) ले कृषि जैविक विविधता तथा परम्परागत ज्ञानको पहिचान, संरक्षण, संवर्द्धन, विकास र दिगो उपयोगको लागि अबलम्बन गरेका नीतिहरु मध्य स्वस्थानीय संरक्षण तथा संबर्द्धन अन्तर्गत अन्तर्राष्ट्रियस्तरमा संरक्षित नेपालका आनुवंशिक पदार्थ र स्रोतहरुको स्वस्थानीय संरक्षण, पुनर्स्थापना, अनुसन्धान र विकास कार्यहरुको प्रवर्द्धनका लागि सामुदायिक बीउ बैंकहरुसँग सहकार्य गरिने उल्लेख गरिएको छ। त्यस्तै समुदायमा आधारित जैविक विविधता व्यवस्थापन पद्धतिलाई प्रवर्द्धन गर्न सामुदायिक जैविक विविधता अभिलेखीकरण, जैविक विविधता मेला, सामुदायिक बीउ बैंक, फिल्ड जिन बैंक, सिमेन बैंक र जैविक विविधता व्यवस्थापन कोषजस्ता कार्यक्रमहरु सञ्चालन र विस्तारको परिकल्पना गरिएको छ। साथै सोहि नीतिको परस्थानीय संरक्षण तथा संवर्द्धन अन्तर्गत परस्थानीय र स्वस्थानीय संरक्षण कार्यक्रमहरुलाई प्रभावकारी बनाउन राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र, सिमेन केन्द्र र सामुदायिक बीउ बैंकजस्ता स्थानीय कार्यक्रमहरुबीच समन्वय र सहकार्य बढाइने भनिएको छ।

कृषि विभाग र मातहतका साविकका जिल्ला कृषि विकास कार्यालयहरुबाट सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनमा सहयोग गर्नका लागि सामुदायिक बीउ बैंक कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ स्वीकृत भइ लागु भएको थियो। कृषि इन्जिनियरिङ्ग निर्देशनालयले भूकम्पपीडित जिल्लामा सामुदायिक बीउ बैंक स्थापनाका लागि विशेषगरि भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्नका लागि कृषि विकास मन्त्रालयबाट सामुदायिक बीउ बैंक स्थापना कार्यान्वयन कार्यविधि २०७२ स्वीकृत गरि लागु गरेको थियो। तर वि.सं. २०७५ मा कृषि विकास मन्त्रालय र मातहतका निकायको पून: संरचना भई संघीय, प्रादेशिक र स्थानीय तहको संरचनामा प्रवेश हुँदा भने सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन सहयोगमा तिनै तहका निकायको ध्यान नपुगेको देखिन्छ।

७.२ संघीय निकाय तथा भूमिका

कृषि जैविक विविधता सम्बन्धी कार्यका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा अन्तर्गत कृषि जैविक विविधता तथा वातावरण शाखा रहेको छ। संरचनागत हिसाबले देश भर कृषि जैविक विविधता सम्बन्धी रणनितिक कार्यक्रम सञ्चालन गर्ने तथा नितिगत कार्यमा समेत अगुवाइ गर्ने जिम्मेवारीकासाथ कृषि विभाग मातहतमा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र रहेको छ। यस केन्द्रको उद्देश्य तथा कार्यविवरण बमोजिम नै रैथाने तथा लोपोन्मुख बाली तथा जातको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र उपयोग र उन्नत बीउमा समेत कृषकको पहुच र प्रयोगमा व्यापकताका लागि सामुदायिक बीउ बैंकको महत्वपूर्ण भूमिका रहने ठहर गरि सामुदायिक बीउ बैंकलाई अगाडि बढाउन प्रयास थालिएको छ। रैथाने तथा स्थानीय बालीका जातको दर्ता कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहत रहेको बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र वा राष्ट्रिय बीउ बिजन समिति सचिवालय मार्पत हुने व्यवस्था रहेको छ।

नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गत खुमलटारमा रहेको राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जिन बैंक) ले मुख्यत: विभिन्न बाली तथा जातका बीउको परस्थानीय संरक्षण (Ex-situ conservation) को कार्य गरिरहेको छ। उक्त कार्यका लागि देशभरका विभिन्न स्थानमा रहेका सामुदायिक बीउ बैंकहरुसँग समन्वय गरि नमूना संकलन तथा संरक्षण भइरहेको छ साथसाथै स्वस्थानीय संरक्षण र फिल्ड जिन बैंक तथा On farm संरक्षणका लागि कृषक समुह/सहकारी तथा सामुदायिक बीउ बैंकलाई प्राविधिक सहयोग र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

७.३ प्रादेशिक संरचना तथा भूमिका

सातै प्रदेशमा भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहत कृषि ज्ञान केन्द्र वा कृषि विकास कार्यालय वा एकिकृत कृषि तथ पशुपन्छी विकास कार्यालयहरु रहेका छन। यी मध्ये कतिपयको कार्यक्षेत्र एक जिल्ला रहेको छ भने कतिपयको दुई जिल्लाहरु रहेका छन्। यी कार्यालयको कार्यविवरणमा पनि कृषकको समस्यामा आधारित भइ अनुकुलन र कार्य अनुसन्धान (Adaptive and action research), कृषि जैविक विविधता संरक्षण र सम्बर्द्धन आदि रहेको छ। तसर्थ यी कार्यालयहरुले आफ्नो कार्यक्षेत्रमा रहेका रैथाने तथा लोपोन्मुख बाली तथा जातको संरक्षणका लागि सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनमा सहयोग तथा समन्वयमा जान सक्ने प्रावधान रहेको छ। त्यस्तै सामुदायिक बीउ बैंकहरुले उन्नत जातका बीउ उत्पादन तथा बिक्री वितरणमा संलग्न हुँदा बिउ गुणस्तर नियन्त्रणका लागि हरेक प्रदेशमा रहेका बीउ बिजन प्रयोगशालासँग समन्वय गर्नुपर्छ।

७.४ स्थानीय तहको संरचना तथा भूमिका

हरेक स्थानीय तहमा कृषि शाखाको व्यवस्था रहेको छ र नेपालको संविधानले कृषि प्रसारको साथसाथै सम्बन्धित स्थानीय तहको क्षेत्रमा रहेको कृषि जैविक विविधता संरक्षण र सम्बर्द्धनको लागि स्थानीय तहको भूमिका महत्वपूर्ण रुपमा निर्दिष्ट गरेको छ। तसर्थ स्थानीय तहहरुले संभावना हेरी आफ्नो कार्यक्षेत्रमा रहेका रैथाने तथा लोपोन्मुख बाली तथा जातको संरक्षण र आम कृषकमा उन्नत जातका बीउको पहुच तथा उपयोग बृद्धि गर्नका लागि सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनमा सहयोग तथा समन्वयमा जानु पर्छ।

८. मुख्य चुनौती तथा समाधानका उपायहरु

८.१ सामुदायिक बीउ बैंक स्वायत्त संस्थाको रुपमा दर्ता हुने वैधानिक प्रावधान नहुनु

सामुदायिक बीउ बैंकका आफ्नै मूल्यमान्यता, अवधारणा र सञ्चालन बिधी रहेको छ। तीन दशक पार गरिसक्दा यसले असल अभ्यासहरूको माध्यमबाट आफ्नो औचित्य प्रमाणित गरिसकेको छ। राष्ट्रिय कार्यक्रमको प्राथमिकतामा रहेको पनि देखिन्छ। तर पनि यसलाई स्वायत्त संस्थाको रूपमा मान्यता नपाउँदा यसको विस्तारमा यथोचित प्रगती देख्न पाइएको छैन। यसलाई स्वायत्त संस्थाको रूपमा दर्ता गराउन पाएमा कृषकवर्गलाई एकोहोरो रूपमा कार्य गर्न र सामुदायक बीउ बैंकको प्रणालीहरू विकास गर्न सजिलो हुने हाल सञ्चालित सामुदायिक बीउ बैंकहरुको बुझाइ रहेको छ। सामुदायिक बीउ बैंकहरु सम्बन्धित स्थानीय तहमै दर्ता हुने र देशभर एकै खालका मापदण्ड बमोजिम हुँदा सहज हुन्छ। यसबाट सबै सहयोगी संस्थामा समान बुझाइको विकास हुनसक्छ। सामुदायिक बीउ बैंकहरू हाल सरकारी वा गैरसरकारी संस्थाको रूपमा दर्ताभइ कार्य गरिरहेका छन। यसरी कार्य गर्नुपर्दा ती संस्थाको एक परियोजनाको रूपमा कार्यसम्पादन गर्नुपर्ने र ती संस्थाको कानुनी प्रावधानका व्यवस्थाहरूलाई पनि पुरा गर्नुपर्दा थप भार सृजना भएको छ। यसले सामुदायिक बीउ बैंक सञ्चालकहरू बिषयान्तर हुने र सामुदायिक बीउ बैंकको प्रधान लक्ष्यबाट बिमुख भएको पाइएको छ। तसर्थ सामुदायिक बीउ बैंकको स्वायत्त दर्ता तथा परिचालनको लागि अब ढिला गर्नु हुदैन।

८.२ सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनमा एकरुपताको कमी

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले आआफ्नो तरिका र अनुभवका आधारमा सामुदायिक बीउ बैंक सहजिकरण गरिरहेकोले सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरूमा स्थापना र सञ्चालनमा एकरूपताको कमी देखिन्छ। यसबाट सामुदायिक बीउ बैंक भनेर सम्बोधन गरिए पनि कतिपय अवस्था गरिने काममा पनि विविधता रहेको पाइन्छ। यसले सामुदायिक बीउ बैंकको लागि कार्यक्रम निर्माण, योजना तर्जुमा तथा कार्यान्वयनमा समस्या परेको छ। नियामक संस्था तथा अन्य सरोकारवालहरूलाई अनुगमन पनि चुनौती पुर्ण रहेकोछ। हालको सामुदायिक बीउ बैंकहरूको अवस्था बिश्लेषण गरी समान धारणा र पद्दतीको विकास गर्नसके यो समस्या समाधान भइ कृषि जैबिक विविधताको सवालमा हामी अगाडी पुग्न सक्छौं। सम्बन्धित निकायहरूबाट आवश्यक नीतिनियमको तर्जुमा अपेक्षाकृत छ।

८.३ स्थानीय स्तरमा सामुदायिक बीउ बैंक सम्बन्धी जानकारी तथा प्रविधिगत क्षमता नहुनु

स्थानीय स्तरमा कार्यरत सरकारी निकायहरु लगाएत कृषक वर्गमा सामुदायिक बीउ बैंक सम्बन्धी जानकारीहरूको कमी हुनुका साथै प्रविधिमा सिमित पहुँच पनि प्रमुख चुनौती रहेको छ। सामुदायिक बीउ बैंक सम्बन्धी अवधारणा, महत्व लगाएत सञ्चालनका लागि लागि आवश्यक क्षमता विकासका विषयहरु समेटी विभिन्न तालिम, जानकारी पत्र तथा श्रोत पुस्तीकाहरूको विकास गर्नु जरूरी छ। सामुदायक बीउ बैंकमा प्रविधि विस्तारको लागि राज्यले योजनाबद्द ढंगबाट सहयोगका कार्यक्रम ल्याउन जरूरी छ। समुदाय सक्षम भएमानै जैविक विविधताका सवालमा राम्रो पैरवी गर्न सक्छन्।

८.४ सामुदायिक बीउ बैंकहरुमा संरक्षणको पाटो कमजोर हुँदै गएको

हाल सञ्चालनमा रहेका सामुदायिक बीउ बैंकहरुमा संरक्षणको पाटो कमजोर हुँदै गएको वा कार्यदिशा परिवर्तन गर्दै गएको पाइएको छ। यसमा बीउ बैंक सञ्चालनबाट आय गर्न नसक्नु, संरक्षणमा कुनै पुस्ताको मात्र सहभागिता हुनु र नया पुस्ता इच्छुक नहुनु र व्यवस्थापन र प्राविधिक क्षमता विकासमा सहयोग नपाउनु जस्ता विविध कारणहरु रहेका छन। तसर्थ सम्बद्ध निकायहरुले यसमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

८.५ नेतृत्व हस्तान्तरणमा समस्या

संचालनमा रहेका सामुदायिक बीउ बैंकहरुको साझा समस्याका रुपमा नया नेतृवको अभाव टट्कारो रुपमा देखिन्छ। सफल तथा असफल दुवै किसिमक बीउ बैंकहरुको सुरुवाती अवस्था देखि बर्तमानसम्म पनि एकै व्यक्तिको नेतृत्व देखिन्छ भने नया पुस्ता र विशेष गरि युवा पुस्तामा यसमा निकै कम चासो भएको पाईन्छ। बीउ बैंक व्यवस्थापन गर्ने संस्थाले भावी नेतृत्व विकासमा प्राथमिकता नदिनु, युवापुस्ताको यस क्षेत्रमा रुची कम हुनु र नेतृत्वको अवसरमा सबैको समान अवसर नहुनु प्रमुख कारणहरु हुन्। यस समस्याका कारण धेरै बीउ बैंकहरु नेतृत्व बिहिन भएका छन् भने भविष्यका लागि दोस्रो पुस्ता तयार हुन नसकेको अवस्था छ। यसको समाधानको लागि क्षमता विकासको क्रममा नै दोस्रो नेतृत्वका लागि जनसक्ति तयार गर्ने, युवा पुस्तालाई आकर्षित गर्ने/सहभागिता बढाउने तथा बीउ बैंक सञ्चालनलाई आर्थिक रुपले सबल बनाउने उपायहरु अवलम्बन गर्न सकिन्छ।

सन्दर्भ सामग्रीहरू

श्रेष्ठ, पीताम्बर (२०७५) सामुदायिक बीउ बैंक: स्थापना तथा व्यवस्थापन स्रोत पुस्तिका। स्थानीय बाली परियोजना, ली-बर्ड, नार्क र बायोभर्सिटी ईन्टरनेशनल, नेपाल

Joshi BK, P Shrestha, D Gauchan and R Vernooy, eds. 2018. Community Seed Banks in Nepal. 2nd National Workshop Proceedings, 3-5 May 2018, Kathmandu Nepal; NAGRC, LI-BIRD and Bioversity International; Kathmandu, Nepal.

पीताम्बर श्रेष्ठ, विष्णु ढकाल र निरन्जन पुडासैनी। २०७८। सामुदायिक बीउ बैंक सञ्चालन कार्यविधिको नमूना। ली–बर्ड, पोखरा, नेपाल।

बीउ बिजन ऐन २०४५ (पहिलो संशोधन २०६४)

बीउ बिजन नियमावली २०६९

राष्ट्रिय बीउ बिजन नीति २०५६

बीउ बिजनको दीर्घकालिन राष्ट्रिय सोच (सन् २०१३ -२०२५)

कृषि जैविक विविधता नीति २०६३ (पहिलो संशोधन २०७१)

अनुसूचीहरु

अनुसूची १ : सामुदायिक कृषि जैविक विविधता अभिलेख (Community Agrobiodiversity Register: CAR) को ढाँचा

संकलन क्र.सं.	दर्ता मिति	बीउको श्रोत कृषकको नाम	ठेगाना (जिल्ला, पालिका, वडा नं., टोल)	बाली	जात	हुलिया/ बाहिरी रूपरंग	विशेष गुण तथा प्रयोग	खेती गरिने उपयुक्त जग्गा	परिमाण (के.जी.)	रोप्ने समय	पाक्ने समय	संकलक

अनुसूची २ : बाली तथा जातहरुको अवस्था बिश्लेषणका लागि गरिने संशोधित चार वर्ग विश्लेषण (Four Cell Analysis) को ढांचा



अनुसूची ३ : पासपोर्ट डाटा नमुना फारम

कृषि आनुवंशिक श्रोत संकलन पासपोर्ट फारम

अ. नमुनाको परिचय

संकलन वा दाताको नं.

बाली :

जाती :

प्रजाती :

उपप्रजाती :

पुख्यौंली :

जातको नाम (नेपाली) तथा स्थानीय भाषामा र अर्थ :

आ. संकलन स्थान

कृषक वा दाताको नाम :

क. साधारण

जिल्ला : गा.वि.स. :

वडा नं. : गाउँ :

गा.वि.स. देखिको दुरी :

नजिकको बजार वा प्रसिद्ध ठाउँ :

संकलन स्थानको अक्षांस (उ.)

संकलन स्थानको देशान्तर (पू.)

संकलन स्थानको उचाई (मि.)

ख. संकलन श्रोत स्थान (गोलो लगाउनुस्)

१. जङ्गली २. कृषि जमिन ३. भण्डारण

४. घर बगैंचा ५. गाउँको बजार ६.व्यापारिक

७. संस्था ८. अन्य (कुनै भए लेख्नुस्)

ग. खेती गरिने क्षेत्र (गोलो लगाउनुस्)

१. उच्च पर्वत २. उच्च पहाड ३. मध्य पहाड

४. बेंसी ५. तराई तथा भित्री मधेश

घ. संकलित वा उत्पादित क्षेत्रको अवस्था (गोलो लगाउनुस्)

१. भिरालो २. दलदल ३. समथल ४. उबड खाबड

५. नदि-किनार ६. अन्य (कुनै भए लेख्नुस्)

ङ. बालीसँग फिल्डमा संलग्न झारपात, प्रजातीहरु (उल्लेख गर्नुस्)

इ. जातको गुणहरु तथा व्यवस्थापन

बाली रोप्ने महिना :

संकलित बाली भित्र्याएको साल र महिना :

प्रयोग :

महत्वपूर्ण गुणहरु :

ई. संकलित नमुना

क. नमुनाको अवस्था (गोलो लगाउनुस्)

१. स्थानीय जात २. उन्नत जात ३. जङ्गली

४. झारपात ५. प्रजनन् ६. अन्य (कुनै भए लेख्नुस्)

ख. संकलित जातको श्रोत (गोलो लगाउनुस् र नाम लेख्नुस्)

१. आफ्नै २. स्थानीय ३. बजार

४. संस्था ५. अन्य (कुनै भए लेख्नुस्)

ग. कहिले र कहाँबाट ल्याइएको :

घ. संकलित जातको अवस्था

१. धेरै ठाउँमा खेती गरिने २. थोरै ठाउँमा खेती गरिने

३. लोपोन्मुख

ङ. संकलित जातमा विविधता

१. एकैनास २. एकैनास नभएको ३. मिश्रित

च. नमुना संकलन तरिका (गोलो लगाउनुस्)

१. मिश्रित २. छानेर ३. हचुवा

छ. नमुना संकलनमा संलग्न विरुवा वा कृषकको संख्या

ज. संकलित वस्तुको परिमाण

(बीउ वा विरुवाको संख्या वा तौल प्रति नमुना) :

झ. नमुनाको प्रकार (गोलो लगाउनुस्)

१. वानस्पतिक २. बीउ ३. दुवै ४. फल

ञ. हर्वेरियम् (विरुवा वा विरुवाको अङ्ग) को नमुना :

१. छ २. छैन

ट. फोटो लिएको :

ठ. फोटो लिएको:

१. सिंचित खेती	छ	छैन
२. रोप्ने वा सार्ने	छ	छैन
३. उच्च प्रविधि खेती	छ	छैन

४. अन्य (कुनै भए लेख्नुस्)

उ. अन्य कुनै अवलोकन तथा सुझावहरु

संकलनकर्ताको नाम र संस्था :

(स्रोत: राष्ट्रिय आनुवंशिक श्रोत केन्द्र, नार्क, खुमलटार)

अनुसूची ४ : राष्ट्रिय जीन बैंकमा बीउ संरक्षणका लागि पठाउन आवश्यक पर्ने न्युनतम बीउका परिमाणहरु

SN	Crop	बाली	आवश्यक मात्रा (ग्राम)
1	Yard long bean	तनेबोडी	५००–६००
2	Soybean	भट्ट/भटमास	५००–३०००
3	Pea (large)	केराउठुलो	८००–१२००
4	Pea (small)	केराउसानो	५००–६००
5	Bean (large)	सिमीठुलो	२४००–२५००
6	Bean (medium)	सिमीमध्यम	१७००–१८००
7	Bean (small)	सिमीसानो	१४००–१५००
8	Hyacinth bean	टाटे/हिउँदेसिमी	६००–८००
9	Egg plant	भन्टा	५०–६०
10	Tomato	गोलभेंडा/टमाटर	५५
11	Capsicum	भेडेखुर्सानी	५०–८५
12	Chillies	खुर्सानी	५०–८५
13	Coriander	धनिया	१२५–१५०
14	Pumpkin	फर्सी	२००–४००
15	Cucumber	काँक्रो	१२५–१६०
16	Snake gourd	चिचिंडो	४००
17	Sponge gourd	घिरौंला	३६०–४००
18	Ridge gourd	तिरई	३६०–४००
19	Ash gourd	कुभिन्डो	१५०
20	Bitter gourd	करेला	२५०–३२०
21	Balsam gourd	बरेला	१५०
22	Bottle gourd	लौका	७००–७५०
23	Cabbage	बन्दा	४५–५०
24	Cauliflower	काउली	४५–५०
25	Knol-khol	ग्यांठकोबी	४५–५०
26	Radish	मुला	८५–१८५

SN	Crop	बाली	आवश्यक मात्रा (ग्राम)
27	Turnip	सलगम	४५–५०
28	Onion	प्याज	३५–५५
29	Okra	भिंडी	५००–६००
30	Spinach	पालुंगो	११५–१२०
31	Garden cress	चम्सुर	२५–३०
32	Carrot	गाँजर	१५–३०
33	Beetroot	चुकन्दर	१००–१५०
34	Mustard	रायो/तोरी/सर्स्युं	२०–४०
35	Water melon	खरबुजा	१००–२००
36	Amaranthus	लट्टे	१५–२०
37	Rice	धान	५००–६००
38	Wheat	गहुँ	६००–८००
39	Barley	जौ	५००–६००
40	Buckwheat	फापर	५००–६००
41	Maize	मकै	२०००–३०००
42	Millets	कोदो	१००–३००
43	Sorghum	जुनेलो	४००–५००
44	Sesame	तिल	५०
45	Lentil	मुसुरो	२५०–५००
46	Chickpea	चना	१३००–२०००
47	Horsegram	गहत	३००–४००
48	Ricebean	मस्यांग	५००–६००
49	Pigeonpea	रहर	६००–१७००
50	Groundnut	बदाम	१२५०–२२५०
51	Blackgram	मास	३००–५००
52	Greengram	मुंग	२५०–७००

(स्रोत: राष्ट्रिय आनुवंशिक श्रोत केन्द्र, नार्क, खुमलटार)

अनुसूची ५ : सामुदायिक बीउ बैंकमा बीउ संरक्षण र प्रवर्द्धन गर्न लागि संकलन गनुपर्ने बीउका न्युनतम परिमाणहरु

क्र.सं.	बाली वा वर्ग	संकलन गर्नुपर्ने न्यूनतम परिमाण
१	धान	५ के.जी.
२	गहुँ/जौ/उवा	१० के.जी.
३	मकै	१० के.जी.
४	कोदो वर्गका बालीहरु : कोदो, कागुनो, चिनो, सामा, बाजरा	२ के.जी.
५	ठूला दाना हुने कोसे बालीहरु : रहर, भटमास, केराउ, चना, बकुल्ला, सिमी, बोडी, मस्याङ्ग, मास, मुसुरो	५ के.जी.
६	साना दाना हुने कोसे बालीहरु : मास, मुङ्ग, मुसुरो, गहत, केराउ, बोडी, भटमास	३ के.जी.
७	तेलहन बाली : तोरी, तिल, झुसे तिल, आलस, सस्र्यु	५ के.जी.
८	भिण्डी	१ के.जी.
९	टमाटर, खुर्सानी, भण्टा	२५० ग्राम
१०	काँक्रा,फर्सी, लौका,घिरौला,चिचिण्डो,तरबुजा, करेला, बरेला	५०० ग्राम
११	मूला, गाजर	५०० ग्राम
१२	लट्टे, पालुङ्गगो	५०० ग्राम

स्रोत: श्रेष्ठ पीताम्बर, बिष्णु ढकाल र निरन्जन पुडासैनी, २०७८

अनुसूची ६ : बीउ राख्ने बट्टा/भाँडोहरुमा लगाउन पर्ने संकेत पत्र/ट्याग

बाली : ....

जात : ....

बीउ उत्पादक कृषक : ....

खरीद/संकलन मिति : ....

खरीद परिमाण (केजी) : ....

अनुसूची ७ : स्थानीय तथा उन्नत बीउहरुको उत्पादन योजनाको नमुना ढाँचा

बाली	जात	बीउ उत्पादन लक्ष्य		
		बीउ (के.जी.	क्षेत्रफल (कठ्ठा/रोपनी	सहभागी हुने कृषकको संख्या
अन्नबाली				
जम्मा				
दालबाली				
जम्मा				
कोसेबाली				
जम्मा				
लहरे तरकारी बाली				
जम्मा				
अन्य तरकारीबाली				
जम्मा				

स्रोत: श्रेष्ठ पीताम्बर, बिष्णु ढकाल र निरन्जन पुडासैनी, २०७८

अनुसूची ८ : सामुदायिक बीउ बैंक सञ्चालनका लागि आवश्यक न्युनतम भौतिक स्रोत सामग्रीहरु

क्र. सं.	सामग्रीको नाम	परिमाण / आवश्यक संख्या	विवरण
१	बीउ भण्डारण कोठा	१	सुख्खा, दोहोरो हावा खेल्ने, पानी नचुहिने, चरा तथा मुसा नपस्ने हुनुपर्ने
२	काठ वा स्टिलको र्‍याक	४ वटा	६ फिट उचाइ तथा ३ फिट चौडाइ भएको
३	कोरा कपडाका थैलाहरू	५० देखि १०० वटा	विभिन्न साइजका
४	बीउ सुकाउने, केलाउने तथा जोख्ने सामग्रीहरू	नाङ्लो १० वटा, ढक तराजु १ सेट, सानो त्रिपाल २ वटा	बिजुली बत्ती भएको स्थानमा डिजिटल तराजु भएमा काम गर्न सजिलो हुने
५	हावाबन्द बट्टाहरू	५० देखि १०० वटा	बिर्कोमा वासर भएका कोक/फान्टा/पेप्सीका बोतल पनि प्रयोग गर्न सकिने
६	बीउ दर्ता गर्ने रजिष्टर	१ वटा	अनुसूची २ मा उल्लेखित फाराम बमोजिमको रातो किताब। रजिष्टर मोटो र बलियो हुनुपर्ने।
७	चिस्यानसूचक कागज 	१ वटा	यो काज नेपालमा सहज रूपमा उपलब्ध नहुने भएकोले सहयोगी संस्थाले जुटाइ दिनुपर्ने

स्रोत: श्रेष्ठ पीताम्बर, २०७५

अनुसूची ९ : व्यावसायिक रुपमा सामुदायिक बीउ बैंक सञ्चालनका लागि आवश्यक भौतिक स्रोत तथा सामग्रीहरु

क्र. सं.	भौतिक संरचना, मेसिन र सामग्रीको नाम	परिमाण / आवश्यक संख्या	कैफियत
१	भवन निर्माण तथा खलाका लागि सार्वजनिक वा निजी जग्गा	१ देखि ३ रोपनी	धैरै मानिसहरू आवत जावत गर्ने वा पायक पर्ने स्थान हुनुपर्ने
२	भवन	१	कार्यालय/बैठक कोठा १, स्थानीय जानको बीउ भण्डार कोठा १, उन्नत जातको बीउ भण्डार कोठा १
३	पक्की खलो 	१	कम्तीमा २० x २० फिटको
४	ग्रेडिङ्ग मेशिन	१	क्षमता अनुसार वा आवश्यकता अनुसार
५	बीउ बत्ताउने पङ्खा	१	क्षमता अनुसार वा आवश्यकता अनुसार
६	बीउको चिस्यान नाप्ने मेशिन	१	कृषकहरूलाई प्रयोग गर्न सजिलो हुने चिस्यान मापक यन्त्र छनौट गर्ने
७	बोराको मुख सिलाउने मेशिन 	१	

क्र. सं.	भौतिक संरचना, मेसिन र सामग्रीको नाम	परिमाण / आवश्यक संख्या	कैफियत
८	डिजिटल तराजु 	कम्तीमा १०० केजी क्षमताको	बिजुली बत्ती भएमा डिजिटल तराजु राख्दा राम्रो
९	छपाइ गरिएका बोरा	आवश्यकता अनुसार	
१०	मोबाइल वा टेलिफोन	१	
११	काठका पिर्का 	कोठाको आकार तथा बीउको परिमाण अनुसार	
१२	पी.आइ.सी.एस. बोरा	आवश्यकता अनुसार	गहुँ, मकै, कोसे बाली तथा तेलहन बालीको बीउ भण्डारणका लागि
१३	जुटका बोरा	आवश्यकता अनुसार	धानको बीउ भण्डारणका लागि
१४	हावाबन्द बट्टाहरू	आवश्यकता अनुसार	थोरै परमाणको बीउ भण्डारका लागि प्लाष्टिक वा सिसाका हावाबन्द बट्टाहरू

स्रोत: श्रेष्ठ पीताम्बर, २०७५

अनुसूची १० : बीउ बिक्रीका लागि प्याकिंग गर्ने बोरामा छाप्ने तथा बोरा भित्र राख्नु पर्ने संकेत पत्र (ट्याग) को नमुना

बीउ-उत्पादन तथा विक्री गर्ने संस्थाको नाम तथा लोगो

बाली :

जात :

लट नं

बीउको स्तर : उन्नत बीउ/यथार्थ सङ्केत पत्र अङ्कित बीउ

उमारशक्ति : ______________ प्रतिशत

भौतिक शुद्धता : __________ प्रतिशत

परीक्षण गरिएको मिति :___________

तौल/परिमाण ________________ के.जी.

प्याकिङ गरिएको मिति : __________

विक्री मूल्य रू. __________ प्रति के.जी.

उपचार गरिएको : छ/छैन

सम्पर्क ठेगाना __________________________

स्रोत: श्रेष्ठ पीताम्बर, बिष्णु ढकाल र निरन्जन पुडासैनी, २०७८

अनुसूची ११ : अवस्था विश्लेषण तालिका (SWOT Analysis)

सबलपक्ष (Strength)	कमजोर पक्ष (Weakness)	अवसरहरु (Opportunities)	चुनौतीहरु (Threats)

अनुसूची १२ : समस्या स्तरीकरण नमुना तालिका

क्र.सं.	समस्याहरु	समस्याहरुको स्तरीकरण		
		सानो वा कम सम्बेदनशील समस्या	मध्यम सम्बेदनशील समस्या	ठुलो / अति सम्बेदनशील समस्या
१	संचालनकालागि आर्थिक स्रोत नहुनु			ठुलो
२	बीउ भण्डारण कक्ष, कार्यालय कक्ष नहुनु		मध्यम	
३	गुणस्तरीय बीउ उत्पादन सम्बन्धी ज्ञान नहुनु		मध्यम	
४	कृषकहरु बीउ उत्पादनमा सहभागी नहुनु	सानो		
५	बीउ बैंक नियमित सञ्चालन गर्ने कर्मचारी नहुनु			ठुलो
६				

अनुसूची १३ : सामुदायिक बीउ बैंक सुदृढिकरणको नमुना योजनाको ढाँचा

क्र.सं.	समस्या समाधान तथा बीउ बैंक सुदृढिकरणकालागि गर्नु पर्ने क्रियाकलापहरु	क्रियाकलाप सञ्चालनकालागि आवश्यक पर्ने स्रोत साधनहरु	आवश्यक आर्थिक स्रोत रु.	सहकार्य / सहयोग लिन सकिने निकाय	क्रियाकलाप सञ्चालन प्रक्रिया	क्रियाकलाप सञ्चालन गर्न जिम्मेवार व्यक्ति / कर्मचारी / समूह	क्रियाकलाप सञ्चालन गर्ने समय अवधि / समय सिमा
१							
२							
३							
४							
५							
६							
७							
८							
९							

प्रकाशक

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

श्रीमहल, ललितपुर

प्राविधिक सहकार्य

LI-BIRD

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)

पोखरा, कास्की